जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक २७७ • २०८२ साल फाल्गुन २३ गते शनिबार (7 March, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## तीन वटा दलले खाता खोल्दा एमाले शून्य

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि सभा निर्वाचन अन्तर्गत जारी मत गणनामा पाँच वटा निर्वाचन क्षेत्रको अन्तिम परिणाम घोषणा भएको छ ।

मतपरिणामको नतिजा घोषणा भएका ६ क्षेत्रमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले तीन वटा, नेपाली कांग्रेसले दुई वटा र नेपाली कम्युनिस्ट पार्टीले एउटा क्षेत्रमा जित हासिल गरेका छन् ।

शुक्रबारसम्ममा तीन वटा पार्टीले जित निकाल्दा प्रमुख राजनीतिक दल नेकपा एमालेले भने खाता खोल्न सकेको छैन ।

रास्वपाले काठमाण्डु-६, काठमाण्डु-८ र काठमाण्डु-१ मा जित हासिल गरेको छ । यी निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवारहरू क्रमशः शिशिर खनाल, विराजभक्त श्रेष्ठ र रञ्जु न्यौपाने निर्वाचित भएका छन् ।

त्यस्तै मुस्ताङमा नेपाली कांग्रेसका योगेश गौचन थकाली र मनाङमा टेकबहादुर गुरुङ निर्वाचित भएका छन् ।

नेपाली कम्युनिस्ट पार्टी(नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' रुकुम पूर्वबाट निर्वाचित भएका छन् ।

### मधेशमा बालेन क्रेज

# अस्तित्व रक्षाका लागि संघर्ष गर्दै मधेश केन्द्रित दल

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को सम्पन्न मतदान पछिको मतपरिणाममा मधेशसहित देशव्यापी रुपमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का वरिष्ठ नेता बालेन्द्र साह उर्फ बालेनको क्रेज छाएको छ ।

मधेश प्रदेशमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको क्रममा मतपेटिकाको मतपरिणाम अनुसार बालेन साह हावी भएको छ । उनी हावी हुँदा मधेशकेन्द्रित दलहरूलाई अहिलेको चुनावमा निकै महँगो सावित हुने अहिलेको मत परिणामबाट देखिन्छ ।

२०६४ मा भएको मधेश आन्दोलनको जगमा उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल, सीके राउत नेतृत्वको जनमत पार्टी, महन्थ ठाकुरको नेतृत्वको तत्कालीन लोसपा नेपाल, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाललगायतका मधेश केन्द्रित दलहरु आन्दोलनको बलमा पटकपटक मधेश प्रदेश सरकारसमेत अगुवाइ ग¥यो । तर मधेश आन्दोलनको बलमा उदियमान महन्थ ठाकुर र उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपालको अवस्था यस प्रतिनिधिसभा सदस्य निर्वाचनमा मधेशको ब्यालेटमा विलिन हुने कगारमा पुगेको टिप्पणी हुन थालेको छ ।

अहिले बालेनको क्रेजका कारण मधेश प्रदेशबाट मधेश केन्द्रित दलसहित नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीसमेतको पत्तासाफ हुने भन्दै चर्चा चुलिएको छ ।

जबकी कुनै बेला यी दलहरुले आफ्नो जनमत



बलियो बनाएका थिए । त्यही जनमतका आधारमा मधेश प्रदेशमा वर्चश्व राख्दै आएका मधेश केन्द्रित दल जसपा नेपाल, जनमत पार्टीलगायतलाई अहिलेको निर्वाचन भारी भएको छ । उनीहरूलाई अहिले जनमत जोगाउन सकस परेको देखिन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँगै बालेन साहको क्रेजले मधेशमा अरुको जनमत कमजोर बनाएको अवस्था देखिन्छ । मधेश प्रदेशमा रास्वपाको चुनाव चिह्न घण्टी र बालेन साहको प्रभाव निकै बलियो बन्दा मधेश केन्द्रित दलसहित अन्य दल ब्यालेटमा निकै कमजोर देखिएको छ । जुन कुरा मतपेटिकामा रहेको ब्यालेट (मतपत्र) बाट पुष्टि भएको छ । मधेश प्रदेशमा प्रभावशाली रहेका नेताहरू उपेन्द्र यादव, सीके राउत, राजेन्द्र महतो, राजकिशोर यादव, शरतसिंह भण्डारीलगायतका नेतालाई चुनावी प्रतिस्पर्धामा चुनौती थपिएको छ ।

उपेन्द्र र महन्थको कार्यशैलीको विरोध गर्दै मधेशको वैकल्पिक शक्तिको रुपमा अघिल्लो चुनावबाट उदाएको जनमत पार्टीलाई पनि अहिले थप समस्यामा परेको छ । पछिल्ला दिनमा उसको घट्दो क्रेजमा बालेन साहको प्रभावले झनै समस्यामा पारेको देखिन्छ । मधेशमा पछिल्ला दिनमा मधेश केन्द्रित दलहरूको प्रभाव स्वाभाविक रूपमा घट्दो थियो । अघिल्लो चुनावमा मधेशमा एमालेको प्रभाव बढेको थियो । कांग्रेसको विरासत जोडिएको मधेश प्रदेशका यसपटक सभापति गगनकुमार थापा नै चुनावी मैदानमा उत्रिएका थिए । जसले गर्दा कांग्रेसजनमा उत्साह थपिए पनि ब्यालेटमा भने प्रकट भएको देखिएन । कांग्रेसका प्रभावशाली नेता विमलेन्द्र निधि नै रास्वपाका उम्मेदवार मनिष झाभन्दा भारी मतले पछाडि छन् ।

मधेश केन्द्रित दलले मधेश आन्दोलनको जगमा मत ल्याउन परिणाम ल्याए पनि सो अनुसार मधेशी जनताको मत अनुसार काम नगर्दा उनीहरुलाई पनि यसपटक मतदाताले नपत्याएको रास्वपाका नेता जितेन्द्र महासेठको भनाइ छ ।

## मधेशमा रास्वपाको अग्रता कायमै

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको अधिकांश प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीले अग्रता शुक्रबार रातिसम्म अग्रता कायमै राखेको छ ।

फागुन २१ गते सम्पनन प्रतिनिधिसभा सदस्य निर्वाचनमा मधेश प्रदेशको ३२ वटै निर्वाचन क्षेत्रमध्ये करिब २९ वटामा अग्रता लिएको बताइएको छ ।

मधेश प्रदेश निर्वाचन कार्यालयले दिएको जानकारी अनुसार हालसम्म सप्तरीको ३ वटा निर्वाचन क्षेत्रमा रास्वपाले अग्रता लिएको छ भने सप्तरी- ३ मा उपेन्द्र यादवले अग्रता लिएका छन् । उनलाई उपेन्द्र चौधरीले कडा रुपमा पछ्याइरहेको छ । त्यस्तै सिरहाको चार वटै निर्वाचन क्षेत्रमा रास्वपाले अग्रता लिएको छ ।

धनुषाको ४ वटा निर्वाचन क्षेत्रमध्ये धनुषा- २, धनुषा- ३ र धनुषा- ४ मा रास्वपाको अग्रता कायमै रहेको छ । धनुषा- १ मा रास्वपाका उम्मेदवार किशोरी साह कमल कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको र बाउन्स चेकसम्बन्धी मुद्दासमेत रहेको भन्दै निर्वाचन आयोगले उनको उम्मेदवारी खारेज गरेको छ । अहिले धनुषा- १ मा नेकपा एमालेका रामचन्द्र मण्डलले अग्रता लिएका छन् भने उनलाई नेपाली कम्युनिष्ट पार्टीका मातृकाप्रसाद यादवले पछ्याइरहेका छन् ।

त्यस्तै महोत्तरीको चार वटै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवारले फराकिलो मतपरिणामले मतगणनामा अग्रता कायमै राखेको जनाइएको छ ।

त्यसैगरि सर्लाहीको चारवटै निर्वाचन क्षेत्रमा रास्वपाको अग्रता रहेको छ भने रौतहटको चारवटा निर्वाचन क्षेत्र मध्ये ३ वटा निर्वाचन क्षेत्रमा रास्वपाले अग्रता लिएको छ । रौतहट- २ मा नेपाली कांग्रेसका मो. फिरदोश आलमले अग्रता लिएका छन् भने उनलाई नेपाली कम्युनिष्ट पार्टीका किरणकुमार साहले पछ्याइरहेको छ । त्यस्तै बाराको चारवटै निर्वाचन क्षेत्रमा रास्वपाले अग्रता लिएको छ । पर्साको चारवटै निर्वाचनमा पनि रास्वपाले नै अग्रता कायम रोखेको छ ।

### प्रतिनिधिसभा सदस्य निर्वाचनः

# कांग्रेससहितका दललाई धक्का

**टुडे समाचारदाता**

जनकपुरधाम । जेन- जी आन्दोलनको परिणामस्वरुप भएको मध्यावधि निर्वाचनले परम्परागत दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेलाई झड्का लागेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पक्षमा देखिएको जनलहरकार कारण दलले ऐतिहासिक हार व्यहोरेका छन् ।

निर्वाचनका प्रारम्भिक रुझानले नै रास्वपा स्पष्ट बहुमतसहित देशको पहिलो राजनीतिक शक्तिका रुपमा स्थापित हुने निश्चित गरेको छ । अहिलेको ट्रेन्ड हेर्दा रास्वपा दुई तिहाइकै नजिक पुग्नसक्ने विश्लेषण हुन थालेको छ । कांग्रेस-एमाले चाहिँ अब 'राष्ट्रिय पार्टी' को हैसियत कायम राख्ने ध्याउन्नमा लागेका छन् । यी दुईमध्ये कुन दल दोस्रो हुन्छ भन्ने पनि चासो बनेको छ । अहिलेसम्मको स्थितिमा कांग्रेस एमालेभन्दा अघि देखिन्छ ।

यसपटकको नतिजाले कांग्रेस-एमाले नभएर सबै पुराना राजनीतिक दलहरुप्रति मतदाताको विश्वास उडिसकेको संकेत गर्छ । राजावादी रहेको राप्रपादेखि



मधेश केन्द्रित दलसम्म विजोकसंग ढलेका छन् । थुप्रै साना दलहरुको अस्तित्व संकटमा परेको छ ।

तीन जना पूर्वप्रधानमन्त्रीहरुसहित २ हजार ४ सय ९९ जनाको केन्द्रीय समिति भएको पुष्पकमल दाहाल प्रचण्डले नेतृत्व गरेको नेपाली कम्युनिष्ट पार्टीले समेत राष्ट्रिय पार्टीको मान्यता पाउनेमा सकस देखिएको छ ।

नेपाली कांग्रेसले 'बदल्यौं कांग्रेस, बदल्छौं देश' भन्ने नारासहित प्रतिनिधिसभा निर्वाचनमा होमिएको थियो । तर सो अनुसार जनताले अपेक्षाकृत समर्थन नदिएको देखिएको छ । कांग्रेसमा नेतृत्व परिवर्तन भए पनि मतदाताको मन जित्न कांग्रेस असफल भएको चुनावी परिणामले संकेत गरेको छ ।

२००३ सालमा राणा शासन अन्त्य गर्ने उद्देश्यसहित बिपी कोइराला लगायतका नेताहरूले स्थापना गरेको कांग्रेस करिब आठ दशकसम्म नेपालको राजनीतिमा प्रभावशाली शक्ति रहँदै आएको थियो । २००७ सालमा १०४ वर्ष लामो राणा शासनको अन्त्यदेखि ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्य गरी प्रजातन्त्र स्थापनासम्मका महत्वपूर्ण राजनीतिक परिवर्तनमा कांग्रेसको अग्रणी भूमिका रहेको थियो ।

त्यस्तै सशस्त्र संघर्षमा रहेको तत्कालीन नेकपा माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याउने प्रक्रिया, २४० वर्ष पुरानो राजतन्त्रको अन्त्य तथा संविधानसभामार्फत २०७२ सालमा नयाँ संविधान जारी गर्नेसम्मका ऐतिहासिक घटनामा पनि कांग्रेसले महत्वपूर्ण नेतृत्व गरेको थियो ।

पछिल्ला वर्षहरूमा भ्रष्टाचार, कुशासन र कमजोर आर्थिक प्रगतिप्रति जनतामा असन्तुष्टि बढेको छ । नागरिकहरूले सुशासन र तीव्र आर्थिक विकासको अपेक्षा कांग्रेसबाट गरे पनि सत्ता, गुटबन्दी र व्यक्तिगत स्वार्थमा नेताहरू अल्झिँदै जाँदा पार्टी जनताबाट टाढिँदै गएको विश्लेषण गरिन्छ ।

कांग्रेसका १४औं महाधिवेशनबाट पार्टीमा केही युवा नेतृत्व अगाडि आएको थियो । सभापतिमा शेरबहादुर देउवा दोहोरिँदा करिब ३० वर्ष कान्छा विश्वप्रकाश शर्मा र गगनकुमार थापा महामन्त्री बनेका थिए ।

तर महाधिवेशनपछि भएको तीन तहको निर्वाचनमा कांग्रेसको मत अपेक्षाअनुसार बढ्न सकेन । करिब ९ लाख क्रियाशील सदस्यता बनाएको कांग्रेसले पछिल्लो आमनिर्वाचनमा २७ लाख १५ हजार २२५ (२५.७१ प्रतिशत) मत पाएको थियो ।

पार्टीभित्र विधि र विधानअनुसार सञ्चालन हुन नसकेको आरोप नेतृत्वमाथि लाग्दै आएको छ । भ्रातृ संगठनहरू, विशेषगरी नेपाल विद्यार्थी संघको महाधिवेशन लामो समयसम्म हुन नसक्दा संगठनहरू तदर्थवादमै चलेको अवस्था रहेको छ ।

नेताहरू जनहितभन्दा गुटबन्दी, धनवाद र शक्ति संघर्षमा केन्द्रित हुँदा पार्टीको जनाधार कमजोर हुँदै गएको विश्लेषकहरू बताउँछन् ।

पार्टीभित्रको आन्तरिक विवाद र नेतृत्व परिवर्तनका विषयले पनि चुनावी परिणामलाई असर गरेको देखिएको छ । काठमाण्डुमा भएको विशेष महाधिवेशनबाट गगनकुमार थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरी कांग्रेस निर्वाचनमा होमिएको थियो ।

तर पार्टीभित्रै परिवर्तन चाहने र पुरानै शैली कायम राख्न चाहने समूहबीचको द्वन्द्वले कांग्रेसलाई कमजोर बनाएको बताइएको छ ।

२०७४ को निर्वाचनको तुलनामा २०७९ मै ७ लाख ५४ हजार मत गुमाएको कांग्रेसले पछिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ मात्र होइन समानुपातिकतर्फ पनि अघिल्लोभन्दा कम मत पाउने सम्भावना देखिएको छ ।

विशेष महाधिवेशनबाट नेतृत्व परिवर्तन गरेपछि देउवासहित उनीनिकट शीर्ष नेताहरू चुनावको पक्षमा खुलेनन् । देउवाको गृहजिल्ला डडेल्धुरामा समेत रास्वपा अगाडि देखिएको छ । कांग्रेसले नैनसिंह महरलाई उम्मेदवार बनाएको छ । आफू नेतृत्वबाट बर्हिमन भएपछि देउवा चुनाव छल्नकै लागि सिंगापुर गएका छन् । देउवा दम्पत्ति भोट हाल्न समेत फर्केनन् ।

## महोत्तरी- ४ मा मतगणना बहिष्कार

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा सदस्यको निर्वाचनमा महोत्तरी क्षेत्र नम्बर ४ मा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) बाहेकका सम्पूर्ण दलले मतगणना बहिष्कार गरेका छन् । रास्वपा इतरका दलले बहिष्कार गरेपछि मतगणना प्रभावित भएको छ ।

महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ को रामगोपालपुर स्थित निर्वाचन अधिकृतको कार्यालयमा भइरहेको मतगणनाको क्रममा मतपत्रमा निर्वाचन अधिकृतको हस्ताक्षर र मतपत्रमा समेत फरक फरक पाएको भन्दै जनता समाजवादी पार्टी नेपाल, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी(नेकपा), नेपाली कांग्रेसलगायतका दलले मतगणना बहिष्कार गरेको एक प्रतिनिधिले जानकारी दिए ।

विभिन्न मतपत्रमा निर्वाचन अधिकृतको हस्ताक्षर फरक फरक पाइएको र मतपत्रको आकारप्रकारसमेत फरकफरक रहेको पाइएपछि बहिष्कार गरेपछि मतगणना नै प्रभावित भएको छ ।



# प्रहरीद्वारा देशभर निर्वाचन सुरक्षामा कडाइ, २४ जना नियन्त्रणमा



सिद्धार्थनगर ।देशभरका विभिन्न मतदानस्थलमा निर्वाचन आचारसंहिताविपरीत तथा निर्वाचनविरोधी गतिविधिमा संलग्न २४ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

काठमाडौँ उपत्यकामा एक, कोशी प्रदेशमा तीन, मधेस प्रदेशमा चार, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा तीन, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा चार जना गरी २४ जनालाई नियन्त्रणमा लिइएको नेपाल प्रहरीले जनाएको छ । निर्वाचनका क्रममा शान्ति सुरक्षा कायम राख्न र आचारसंहिता उल्लङ्घन रोक्न कडा निगरानी गरिएको प्रहरीले बताएको हो।

त्यसैगरी, निर्वाचनको समयमा आचारसंहिताविपरीत तथा अनुमति नलिई सञ्चालन गरिएका देशभरका दुई हजार ५९७ वटा सवारीसाधनलाई होल्ड गरिएको छ । होल्ड गरिएका सवारीमध्ये दुई हजार ३५१ वटा दुईपाङ्ग्रे र २४६ वटा चारपाङ्ग्रे रहेको प्रहरीले जनाएको छ ।प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौँ उपत्यकामा ८३०, कोशी प्रदेशमा ११, मधेस प्रदेशमा १७९, बागमती प्रदेशमा २८४, गण्डकी प्रदेशमा २७६, लुम्बिनी प्रदेशमा ८८७, कर्णाली प्रदेशमा २२ र सुदूरपश्चिम प्रदेशमा १०८ वटा सवारीसाधन होल्ड गरिएको छ।

यस्तै, काठमाडौँ उपत्यकाका दुई स्थानसहित देशभरका १५ स्थानमा शङ्कास्पद वस्तु फेलापरेको छ। ती शङ्कास्पद वस्तु डिस्पोज गर्नका लागि नेपाली सेनासँग समन्वय गरिएको प्रहरी प्रधान कार्यालयको सूचना शाखाले जानकारी दिएको छ।प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को मतदान प्रक्रिया शान्तिपूर्ण, व्यवस्थित र सुरक्षित रूपमा सम्पन्न गर्न नेपाल प्रहरी देशभर प्रभावकारी रूपमा परिचालित भएको छ । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको कार्यादेशअनुसार निर्वाचनलाई भयरहित र निष्पक्ष वातावरणमा सम्पन्न गराउन प्रहरी कर्मचारी उच्च मनोबलका साथ खटिएको प्रहरी प्रधान कार्यालय जनसम्पर्क एवं मिडिया समन्वय शाखाले जानकारी दिएको छ।

उपलब्ध स्रोतसाधनको उच्चतम प्रयोग गर्दै निर्वाचन क्षेत्रमा सम्भावित सुरक्षा चुनौतीको सुक्ष्म विश्लेषण गरी अन्य सुरक्षा निकायसँग निरन्तर समन्वय गरेर प्रहरीले सुरक्षा व्यवस्था मजबुत बनाएको प्रहरी महानिरीक्षकको सचिवालयले जनाएको छ।

निर्वाचन क्षेत्रको सुरक्षाका लागि निर्वाचन व्यवस्थापन सूचना प्रणाली (इएमआइएस), (जिआइएस) सफ्टवेयर, सिसीटिभी निगरानी, ड्रोन निगरानी, वडी वार्म क्यामरा आरटिभीएस (वास्तविक समय भिडियो निगरानी)को डिजिटल माध्यमबाट आधुनिक प्रविधिको प्रयोग गरी प्रत्यक्ष निगरानी गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो ।रासस

# मतदान शान्तिपूर्ण : सूचना आयोग

काठमाण्डु । राष्ट्रिय सूचना आयोगले बिहीबार सम्पन्न प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण तवरले सम्पन्न भएको जनाएको छ। आयोगले भक्तपुर, काभ्रेपलाञ्चोक, गुल्मी, कास्की र तनहुँका विभिन्न मतदान केन्द्रको पर्यवेक्षण गरेको थियो।

सहरी क्षेत्रमा मतदानमा उत्साहजनक सहभागिता रहेको र ग्रामीण क्षेत्रमा मतदान गर्ने तीव्र इच्छा हुँदाहुँदै कतिपय मतदान केन्द्र अपायक भएका कारण कम मतदान भएको पाएको आयोगले जनाएको छ। स्थलगत अनुमगनका क्रममा काभ्रेको जनहित मावि खनालथोकमा ६० प्रतिशत मतदान भएको छ भने भक्तपुरको गणेश आधारभूत प्राविमा ७५ प्रतिशत भन्दा बढी मतदान भएको पाइएको आयोगले विज्ञप्तिमार्फत जानकारी दिएको छ।




आयोगका प्रमुख सूचना आयुक्त डा सुरेशप्रसाद आचार्य र सचिव दीर्घराज मैनालीको टोलीले भक्तपुरको निर्वाचन क्षेत्र नं २ मा पर्ने गणेश आधारभूत विद्यालय बालकोट, अरनिको मावि गाम्चा, ७ नं वडा कार्यालय गुण्डु र तर्गाखाल डेरी मतदान केन्द्रको पर्यवेक्षण गरेको थियो।

त्यसैगरी, काभ्रेपलाञ्चोकको शारदा मावि पनौती र नमोबुद्ध नगरपालिकाका दाप्चा मावि र जनहित उच्च मावि केन्द्रमा पुगेर पर्यवेक्षण गरेको थियो। नमोबुद्ध नगरपालिकाका दुवै मतदान केन्द्र मतदाताको बसोबासका कारण अपायक भएको आयोगले स्पष्ट पारेको छ।

त्यस्तै, सूचना आयुक्त गगन विष्ट नेतृत्वको टोलीले गुल्मीको मालिका गाउँपालिका-६ को अर्जै माध्यमिक विद्यालय मतदान केन्द्र, इस्मा गाउँपालिका-१ को हिमालय मावि मतदान केन्द्र र २ को पालुखा मावि मतदान केन्द्रलगायतका मतदान केन्द्रमा पर्यवेक्षण गरेको थियो। ती मतदान केन्द्रमा शान्तिपूर्ण मतदान भएको छ।

त्यस्तै, सूचना आयुक्त दुर्गा भण्डारी पौडेलको टोलीले कास्की क्षेत्र नं ३ का विभिन्न मतदान केन्द्रमा स्थलगत अनुमगन गरेको आयोगले जनाएको छ ।रासस

# महोत्तरीमा ५९.८६ प्रतिशत मतदान



महोत्तरी । बिहीबार सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा महोत्तरी जिल्लामा ५९.८६ प्रतिशत मतदान भएको छ । जिल्लाका जम्मा चार लाख ३१ हजार २८२ मतदातामध्ये दुई लाख ५८ हजार १५७ ले मताधिकार प्रयोग गरेका जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतदान गर्ने यो सङ्ख्या कुल मतदाताको ५९.८५ प्रतिशत हो।

चार प्रतिनिधिसभा क्षेत्र रहेको जिल्लामा क्षेत्र नं १ का कुल मतदाता एक लाख पाँच हजार ६४६ मध्ये ६६ हजार २६६ ले मतदान गरेका छन्। यो क्षेत्रमा ६२.७२ प्रतिशत मतदान भएको छ। क्षेत्र नं २ मा एक लाख सात हजार ५९४ मध्ये ६४ हजार ८४५ ले मतदान गरेका छन् । यो ६०.२७ प्रतिशत मतदान हो। त्यस्तै क्षेत्र नं ३ मा एक लाख १० हजार ४३६ मध्ये ६१ हजार ७३७ र क्षेत्र नं ४ मा एक लाख सात हजार ६०६ मध्ये ६५ हजार ३०९ ले मतदान गरेका मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले जानकारी दिनुभयो।

क्षेत्र नं ३ र ४ को मतदान प्रतिशत क्रमशः ५५.९० र ६०.६९ प्रतिशत रहेको कार्यालयले स्पष्ट पारेको छ।

जिल्लाभरिका २५८ मतदानस्थलका ५३६ मतदान केन्द्रका अतिरिक्त यहाँ कर्मचारी र कारागारका थुनुवा/कैदीका लागि व्यवस्था गरिएका तीनवटा अस्थायी मतदान केन्द्रमा १३८ जनाले मतदान गरेका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

अहिले मतपेटिका मतदान केन्द्रबाट मतगणनाका लागि निर्धारित ठाउँमा पुर्याइएको छ। अब चार क्षेत्रका आआफ्ना केन्द्रमा मतगणना कार्यका लागि तयारी थालिएको सम्बद्ध निर्वाचन अधिकृतको कार्यालयले जनाएका छन् । अब दल र उम्मेदवारबीचको सहमतिबाट तत्काल गणना थालिने मुख्य निर्वाचन अधिकृत अधिकारीले स्पष्ट पार्नुभयो ।रासस

# कैलालीका दुई क्षेत्रमा नेकपा, एक/एक क्षेत्रमा कांग्रेस र रास्वपाको अग्रता

सुदूरपश्चिम । प्रतिनिधिसभा सदस्यको जारी मतगणनाका क्रममा कैलाली निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसका जनकराज चौधरीले ७१७ मत प्राप्तगरी अग्रता कायम राख्नुभएको छ।

सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयका अनुसार उहाँलाई राष्ट्रिय स्वतन्त्र पार्टीका कोमल ज्ञवालीले ६६२ मत प्राप्तगरी पछ्याइरहनु भएको छ। यस्तै स्वतन्त्र उम्मेदवार फागुराम चौधरी ६४६ मत प्राप्त गर्नुभएको छ।



कैलाली क्षेत्र नं २ मा नेपाली कम्युनिष्ट पार्टीका नन्दबहादुर साउदले ४४१ मत प्राप्त गरेर कांग्रेसका उम्मेदवार विजयबहादुर स्वाँरलाई उछिन्नु भएको छ । स्वाँरले ४०७ मत पाउनुभएको छ। रास्वपाका केपी खनालले ३१६ मत पाउनुभएको छ। कैलाली निर्वाचन क्षेत्र नं ५ को पछिल्लो मत गणनाको परिणामअनुसार रास्वपाका आनन्दबहादुर चन्दले तीन हजार ९४४ मत पाउनुभएको छ। नेपाली कांग्रेसका नरनारायण शाहले एक हजार ४७५ मत र नेकपा (एमाले) का यज्ञराज ढुङ्गानाले ८४६ मत प्राप्त गर्नुभएको छ।

कैलाली क्षेत्र नं ३ मा नेपाली कम्युनिष्ट पार्टीका वीरमान चौधरीले ६०४ मत प्राप्त गरी अग्रता बनाउनुभएको छ। उहाँलाई रास्वपाका जगतप्रशाद जोशीले २७५ मत प्राप्तगरी पछ्याइरहनुभएको छ। नागरिक उन्मुक्ति पार्टी, नेपालका विक्रम चौधरीले २५२ मत प्राप्त गर्नुभएको छ।

**बाँके- १ र ३ मा रास्वपा, २ मा एमालेको अग्रता**

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत बाँकेका तीनवटै निर्वाचन क्षेत्रमा मतगणना जारी छ। प्रारम्भिक विवरणअनुसार हालसम्म क्षेत्र नं १ र ३ मा रास्वपाका उम्मेदवारले अग्रता लिएका छन् भने क्षेत्र नं २ मा नेकपा (एमाले) का उम्मेदवार अगाडि छन्।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख टेकबहादुर शाहीका अनुसार क्षेत्र नं १ मा दश हजार ६३५ मत गणना गर्दा रास्वपाका सुरेश थारुले पाँच हजार ८५७, नेपाली कांग्रेसका नारायण गौडेलले २०४५, एमालेका सूर्य ढकालले एक हजार २७८ र नेपाली कम्युनिष्ट पार्टीका नरेन्द्र पाण्डेले ६२३ मत प्राप्त गर्नुभएको छ।

बाँके क्षेत्र नं २ मा हालसम्मको परिणामअनुसार एमालेका मोहम्मद इस्तियाक राईले पाँच हजार २४४, नेपाली कांग्रेसका सुधांशु कोइरालाले चार हजार १०० र रास्वपाका विवेक श्रेष्ठले दुई हजार ५८० मत प्राप्त गर्नुभएको छ।यसैगरी क्षेत्र नं ३ मा रास्वपाका खगेन्द्र सुनारले पाँच हजार २९७, एमालेका सुमन मल्लले दुई हजार ३४५ र नेपाली कांग्रेसका अमरसिंह पुनले एक हजार ७४१ मत प्राप्त गर्नुभएको छ।

**सुर्खेत, १ मा कांग्रेस र २ मा एमालेको अग्रता**

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत सुर्खेतका दुवै क्षेत्रको मतगणना सुरु भएको छ। क्षेत्र नं १ मा एक हजार ९८७ मतगणना हुँदा नेपाली कांग्रेसका विष्णुबहादुरखड्काले ७९८ मत मत प्राप्त गर्नुभएको छ।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टीका टेकबहादुर सिंहले ५४५, नेकपा (एमाले) का ध्रुवकुमार शाहीले ४२७ र नेपाली कम्युनिष्ट पार्टीका जीतबहादुर रानाले ७७ मत प्राप्त गर्नुभएको भएको निर्वाचन अधिकृत कैलाशप्रसाद भट्टराईले जानकारी दिनुभयो।

यस्तै, क्षेत्र नं २ मा एमालेका कुलमणि देवकोटाको अग्रता छ । यहाँ ७८१ मतगणना हुँदा उहाँले ३१६ मत प्राप्त गर्नुभएको छ । नेपाली कांग्रेसका नारायणकुमार कोइरालाले २१८, राष्ट्रिय स्वतन्त्र पार्टीका रमेशकुमार सापकोटाले १२७ र नेपाली कम्युनिष्ट पार्टीका झकबहादुर मल्लले १०७ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत दीपक ढकालले जानकारी दिनुभयो ।रासस

# शान्तिपूर्ण वातावरणमा निर्वाचन गराउन सफल भएकामा सरकारलाई कांग्रेसद्वारा धन्यवाद



काठमाण्डु । नेपाली कांग्रेसले शान्तिपूर्ण वातावरणमा निर्वाचन गराउन सफल भएकामा सरकार र निर्वाचन आयोगलाई विशेष धन्यवाद दिएको छ ।सभापति गगनकुमार थापाले बिहीबार विज्ञप्ति जारी गरी निर्वाचनमा सहभागी भएर आफ्नो अमूल्य मताधिकार प्रयोग गर्नुहुने सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइप्रति नेपाली कांग्रेस पार्टीका तर्फबाट उच्च सम्मानसहित कृतज्ञता व्यक्त गर्नुभयो।

उहाँले भन्नुभएको छ, "प्रतिनिधिसभाको निर्वाचनमा देशव्यापी रूपमा मतदाताले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको नेपाली निष्ठा र अटल प्रतिबद्धता पुनः एकपटक बलियो रूपमा अभिव्यक्त भएको छ।"उहाँले जनताको सक्रिय सहभागिताले एकातर्फ लोकतान्त्रिक प्रणालीप्रति तपाईँहरूको गहिरो विश्वासलाई पुष्टि गरेको छ भने अर्कातर्फ राजनीतिक दलहरू र अब बन्ने सरकारलाई जनअपेक्षाअनुसार काम गर्न थप जिम्मेवार बनाएको उल्लेख गर्नुभएको छ।

उहाँले निर्वाचन सफल बनाउन अहोरात्र खटिनुभएका राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण सुरक्षा निकायप्रति हार्दिक आभार र बधाई प्रकट गर्नुभएको छ ।साथै, कांग्रेसले निर्वाचनमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नुभएका राजनीतिक दलहरू, सञ्चारकर्मी मित्रहरू तथा राष्ट्रिय एवं अन्तरराष्ट्रिय पर्यवेक्षकहरूप्रति पनि हार्दिक धन्यवाद व्यक्त गरेको छ ।रासस

# हिमाली क्षेत्रका तीन जिल्लाको मतपत्र ढुवानी हुन बाँकी

काठमाण्डु । हिमाली क्षेत्रका १५ जिल्लामध्ये तीन जिल्लाको मतपत्र ढुवानी गर्न बाँकी रहेको छ।

मौसमका कारण अहिलेसम्म सङ्खुवासभा, डोल्पा र गोरखाको मतपत्र ढुवानी हुन बाँकी रहेको छ । तीन जिल्लाका हिमाली भेगका मतदान केन्द्रका मतपत्र हेलिकप्टरबाट ढुवानी गर्नुपर्नेमा बिहीबार बेलुकीदेखि नै मौसमका कारण सम्भव हुन नसकेको जानकारी प्राप्त भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई बताउनुभयो।

मौसमले साथ दिएसम्म तीनवटै जिल्लाको मतपत्र शुक्रबारै निर्वाचन अधिकृतको कार्यालयमा लैजाने गरी तयारी भइरहेको छ । मतपत्र ढुवानी भइसकेपछि तीनैवटा जिल्लाको मतगणना सुरु हुनेछ । यसैगरी, रसुवा, दोलखा, रुकुम (पूर्वी भाग), बाजुरा, बझाङ, हुम्ला, ताप्लेजुङ, मनाङ, मुस्ताङ, रुकुम (पश्चिमी भाग), सोलुखुम्बु र मुगुका हिमाली भेगका मतदान केन्द्रका मतपत्र भने जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा लगी सकिएको पनि उहाँले बताउनुभयो। यस्तै, स्याङ्जा, दोलखा र धनुषा जिल्ला निर्वाचन क्षेत्र नं १ को मतगणना कानुनअनुसार गर्न पनि आयोगले निर्देशन दिएको जनाइएको छ । धनुषा जिल्ला निर्वाचन क्षेत्र नं १ मा घण्टीमा खसेको मत छुट्याएर राखी मतगणना गर्न आयोगले मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | तपाईको उर्जा स्थिर रहला तर धैर्य जरुरी छ। |
| वृष : | अधुरा काम पुरा गर्न राम्रो दिन हो । परिश्रमको फल मिल्ने सम्भावना छ। |
| मिथुन : | सृजनात्मक काममा मन लाग्नेछ । साथीभाईसंग सहकार्यले फाइदा मिल्नेछ। |
| कर्कट : | परिवारको साथले मन खुशी हुने दिने हो। आर्थिक पक्ष सुधारतर्फ लाग्नेछ। |
| सिंह : | काममा नयाँ चुनौती आउन सक्छ । सकारात्मक सोचले सफलता दिलाउनेछ। |
| कन्या : | संकल्प र मेहनतले काम अघि बढ्नेछ। |
| तुला : | साझेदारी र सहकार्यमा लाभ मिल्नेछ। परिवारसंग रमाइलो समय बित्नेछ। |
| वृश्चिक : | मनमा उत्साह बढ्नेछ। रोकिएका काम अघि बढ्ने सम्भावना छ। |
| धनु : | नयाँ विचार र योजनाले काममा फाइदा दिनेछ। साथीभाईसंग राम्रो समय बित्नेछ। |
| मकर : | परिश्रमले सम्मान दिलाउने दिन हो । काममा प्रगति देखिनेछ। |
| कुम्भः | सृजनात्मक सोच बढ्नेछ। सामाजिक र नयाँ सम्बन्ध बनाउन सकिने दिन हो। |
| मीन : | शान्त र सकारात्मक दिन हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**


बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



प्रतिनिधिसभा सदस्य निर्वाचन, धनुषाको क्षेत्र नं ४ को मतगणना सुरु। शुक्रबार सवाँ १२ बजेबाटँ मतगणना सुरु भएको छ। *तस्बिरः अमरेन्द्रकुमार यादव*

# जनताको भावनाअनुसार हामीले काम गरेर देखाउनुपर्छः नवनिर्वाचित रञ्जु



काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनमा काठमाडौं निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की रञ्जु दर्शना न्यौपानेले जनताको भावनाअनुसार आफूले काम गरेरै देखाउनुपर्ने बताउनुभएको छ। उहाँले यो जित आफूहरूका लागि खुसीसँगै चुनौती पनि रहेको बताउनुभयो।

शुक्रबार निर्वाचित भएपछि पत्रकारहरूसँग सङ्क्षिप्त प्रतिक्रिया दिँदै नवनिर्वाचित प्रतिनिधिसभा सदस्य दर्शनाले भन्नुभयो, "३०/३५ वर्षदेखि बारम्बार धोका दिएकाहरूको ढोकै बन्द गरिदिन्छौँ भन्ने नेपाली जनताले भोट दिनुभएको छ । हाम्रो लागि सुखद र चुनौती छ। हामीले गरेर देखाउनैपर्छ।

"उहाँले काठमाडौं क्षेत्र नम्बर १ का मतदातालाई धन्यवाद दिँदै अहिले देखिएको जनमत वैकल्पिक र विवेकशील राजनीतिको जित भएको प्रतिक्रिया पनि दिनुभयो। यसलाई पार्टीले विशेष रुपमा लिएको पनि उहाँले बताउनुभयो।

उहाँले १५ हजार ४५५ मत प्राप्त गरी विजयी हुनुभएको छ। शुक्रबारै उहाँलाई मुख्य निर्वाचन अधिकृतले विजयीको प्रमाणपत्र प्रदान गरिसकेको छ । आफ्ना निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका उम्मेदवार प्रवल थापा क्षेत्रीलाई नौ हजार ९१ मतान्तरले पछि पार्दै ३० वर्षीया न्यौपाने निर्वाचित हुनुभएको हो ।रासस

# किशोरी साह जितेपनि सांसद बन्दैनन



**टुडे समाचारदाता**

जनकपुरधाम।धनुषा निर्वाचन क्षेत्रनम्बर-१कोमतगणनासम्बन्धी विवादमा निर्वाचन आयोग नेपालले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपालका उम्मेदवार किशोरी साह कमल विजयी भएपनि सांसद बन्न नपाउने निर्देशन जारी गरेको छ।

आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर-१, धनुषाको मतगणना सम्बन्धी विषयमा प्राप्त पत्रका आधारमा २०८२ फागुन २२ गते बसेको बैठकबाट निर्णय गर्दै सम्बन्धित निर्वाचन अधिकृतलाई आवश्यक मतगणना गरिएपनि छुट्टै लगत राखेर उनी बाहेकको मतपरिणाम प्रकाशन गर्ने निर्देशन दिएको हो।

आयोगले मतगणनाको क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार किशोरी साह कमलको निर्वाचन चिन्ह घण्टीमा स्वस्तिक छाप लागेका मतपत्र फेला परेमा त्यस्ता मतपत्र पनि गणना गरी छुट्टै लगत राख्ने र गणना भएका मतपत्र बाहेक बाँकी मतपत्रलाई नियमानुसार गणना गरी निर्वाचन परिणाम प्रकाशन गर्ने निर्देशन दिएको छ।

आयोगले जारी गरेको पत्रको बुंदा नं. ३ मा आवश्यक सुरक्षा प्रवन्ध मिलाई यथाशक्य छिटो गणना कार्य प्रारम्भ गर्ने भनेको छ। यी निर्णयले मतगणना शुरु भएको हो । त्यस अनुरुपको मतगणनाले एमालेका रामचन्द्र मण्डल यो समाचार लेख्दासम्म अग्रता लिएको छ।

रास्वपा उम्मेद्वार ऋणको कालोसुचीमा देखिएपछि आयोगले उम्मेदवारी खारेज गर्ने निर्वाचनको दुई दिन अघि निर्णय गरेको थियो । आयोगले उनको उम्मेदवारी खारेज गरेपनि मतदाताले उनको चुनाव चिन्हमा मत हालेको छ । मतगणनामा रास्वपाका कार्यकर्ताहरूले मत कायम गर्नुपर्ने भन्दै विवाद गर्दै आएको थियो । आयोगको निर्देशनपछि मतगणना शुरू भएको छ। यश क्षेत्रमा एमालेका रामचन्द्र मण्डलले ९६ मतले अग्रस्थानमा छ।

# राप्रपाका ज्ञानेन्द्र शाही दोब्बर मतले अग्रता



जुम्ला। एक मात्रै निर्वाचन क्षेत्र रहेको हिमाली जिल्ला जुम्लामा जारी मत गणनाअनुसार राप्रपाका ज्ञानेन्द्र शाही दोब्बर मतले अग्रस्थानमा रहेका छन्।

जिल्लाको कनकासुन्दरी गाउँपालिकाको पाँच हजार ६२ मत गणना हुँदा राप्रपाका शाहीले दुई हजार ६९१ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत कार्यालयका सहायक निर्वाचन अधिकृत हरिकृष्ण तिमिल्सिनाले जानकारी दिनुभयो।

शाहीका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीका नरेश भण्डारीले एक हजार २३३ मत पाएका छन् भने नेकपा (एमाले) का शान्तिलाल महतले २८१ र नेपाली कांग्रेसका दीपबहादुर शाहीले ६०५ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत कार्यालयका सहायक निर्वाचन अधिकृत हरिकृष्ण तिमिल्सिनाले जानकारी दिनुभयो । यसैगरी, रास्वपाका विनीता कठायतले ३६ मत, प्रलोपाका मनऋषि धितालले आठ, नेमकिपाका बृषबहादुर रावतले ४३ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

जिल्लामा कुल मतदाता स‌ङ्ख्यामध्ये प्रत्यक्षतर्फ करिब ४० हजार ८९७ अर्थात् ५७ प्रतिशत मत खसेको छ । जसमध्ये महिलातर्फ २१ हजार १८५ र पुरुषतर्फ १९ हजार ७१२ जनाले मतदान गरेको निर्वाचन अधिकारी कँडेलको भनाइ छ। समानुपातिकतर्फ ४१ हजार ६३१ अर्थात् ५८ दशमलव ०३ प्रतिशत मत खसेको छ। जिल्लामा कुल मतदाता सङ्ख्या ७१ हजार ७३९ जना रहेको निर्वाचन कार्यालयले जनाएको छ।रासस

# रास्वपाका खनाल विजयी



काठमाण्डु। बिहीबार भएको प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत काठमाडौं क्षेत्र नं ६ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का शिशिर खनाल विजयी हुनुभएको छ। खनालले २७ हजार ७१९ मत ल्याएर विजयी हुनुभएको निर्वाचन अधिकृत चपला पोखरेलले जानकारी दिनुभयो।

कुल ३४ हजार ४७३ मत खसेको थियो। उहाँका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका कृष्ण बानियाँ क्षेत्रीले छ हजार ६४७ र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अमनकुमार मास्केले चार हजार ३७३ मत पाउनुभएको उहाँले बताउनुभयो।

निर्वाचित खनाल पूर्वशिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीका साथै काठमाडौं क्षेत्र नं ६ का निर्वाचित प्रतिनिधिसमेत हुनुहुन्थ्यो। उहाँले टेक फर नेपालमार्फत सात वर्ष सरकारी विद्यालयको गुणस्तर सुधार र अभियानमा नेतृत्व गर्नुभएको थियो।

तुलसीपुर उपमहानगरपालिकासँग सहकार्य गर्दै स्थानीय नीतिनिर्माणमा योगदान दिनुभएका उहाँले सर्वोदय श्रमदान अभियानमार्फत नेपाल, श्रीलङ्का र अमेरिकामा सामाजिक रुपान्तरणमा सक्रिय भूमिका खेल्नुभएको छ। उहाँले सन् २०१५ भूकम्प पीडितका लागि राहत वितरणमा समन्वय गर्नुका साथै सन् २०२० मा टोलटोलमा सिकाइ अभियानका लागि वैकल्पिक शिक्षणको ढाँचा विकासमा जोड दिँदै आउनुभएको थियो।रासस

# समानुपातिक मतगणना सुरु



काठमाण्डु। प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तरगतको सामानुपातिकतर्फको पनि मतगणना सुरु भएको छ। निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले काठमाडौं १ बाट समानुपातिकतर्फको मतगणना थालिएको राससलाई जानकारी दिनुभयो।

उहाँका अनुसार अहिलेसम्म समानुपातिकतर्फ १९ हजार ७२८ मतगणना हुँदा ११ हजार ५६२ मत राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ल्याएको छ। यस्तै समानुपातिकतर्फ नेपाली कांग्रेसले ३ हजार ६६४, राष्ट्रिय प्रजातन्त्र पार्टीले १ हजार ७५२, नेकपा (एमाले) ले १ हजार १५२, श्रम स.स्कृति पार्टीले ४४१, नेपाली कम्युनिष्ट पार्टीले ३९२ मत ल्याएका छन्। यस्तै राष्ट्रिय परिवर्तन पार्टीले २७३ मत प्राप्त गरेका छन् भने अन्य विभिन्न दलले १०० भन्दा तल मत प्राप्त गरेका छन् ।रासस

# रुकुम पूर्वबाट नेपाली कम्युनिष्ट पार्टीका संयोजक प्रचण्ड विजयी

रुकुम पूर्व । प्रतिनिधिसभा सदस्य निर्वाचनमा रुकुम पूर्वबाट नेपाली कम्युनिष्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' विजयी हुनुभएको छ । बिहीबार सम्पन्न निर्वाचनको मतगणनामा उहाँले १० हजार २४० मत प्राप्त गरी विजयी हुनुभएको हो।

सो निर्वाचन क्षेत्रमा खसेको १९ हजार १८८ मत गणना गर्दा संयोजक दाहालले आफ्ना निकटतम प्रतिद्वन्दीलाई ६ हजार ७७८ मतले पछि पार्नुभयो । निकटतम प्रतिद्वन्दी नेकपा (एमाले)का उम्मेदवार लीलामणि गौतमले ३ हजार ४६२ मत र नेपाली कांग्रेसकी उम्मेदवार कुसुमदेवी थापाले ३ हजार ८१ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत शिवप्रसाद खनालले जानकारी दिनुभयो।

रुकुम पूर्वमा ३४ हजार ७ सय ७२ मतदाता रहेकामा १९ हजार १८८ मत खसेको थियो। रासस



# अब जनताको अपेक्षा पूरा गर्ने बेला आएको छ : नवनिर्वाचित खनाल



काठमाण्डु । प्रतिनिधिसभा सदस्य निर्वाचनमा काठमाडौं क्षेत्र नं ६ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपाका) का तर्फबाट नवनिर्वाचित शिशिर खनालले अब जनताको अपेक्षा पूरा गर्ने बेला आएको बताउनुभएको छ।

जनताले ठूलो आशा तथा भरोसाका साथ आफू र रास्वपा पार्टीलाई विजयी गराएकामा धन्यवाद दिँदै उहाँले देशलाई सुशासन र समृद्धिको बाटोमा लैजान जिम्मेवार पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "जेनजी पुस्ताले हामीमाथि भरोसा गरेकै कारण यति सफल हुन सकिएको हो ।" खनाल २७ हजार ७१९ मत ल्याएर विजयी हुनुभएको हो ।रासस

# मुस्ताङमा कांग्रेसका गौचन निर्वाचित

मुस्ताङ। प्रतिनिधिसभा सदस्य निर्वाचनमा मुस्ताङमा नेपाली कांग्रेसका उम्मेदवार योगेश गौचन थकाली तीन हजार ३०७ मत प्राप्त गरी विजयी हुनुभएको छ।

निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का उम्मेदवार ईन्द्रधार ढाडु विष्टलाई एक हजार ५०४ मतान्तरले पछि पार्दै उहाँ निर्वाचित हुनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। एमाले उम्मेदवार विष्टले एक हजार ८०३ मत प्राप्त गर्नुभयो। यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार अधितीयचन्द्र थकालीले ७५९ मत प्राप्त गर्नुभएको छ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार कमला लालचनले १६१, नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार ङुटुक गुरुङ (टाईगर)ले १५१, उज्यालो नेपाल पार्टीका डा सुरेन्द्र शेरचनले ८५, आम जनता पार्टीका उम्मेदवार अजय विकले नौ मत र मङ्गोल नेशनल अर्गानाईजेशनका उम्मेदवार यमबहादुर गुरुङले तीन मत प्राप्त गर्नुभएको छ। मुस्ताङका पाँच स्थानीय तहका ३९ मतदान केन्द्रमा ११ हजार ३२८ मतदाता रहेकामा छ हजार २९८ मत खसेको थियो, जसमध्ये १०७ मत बदर भएको छ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। बालेनको नेतृत्वमा नयाँ नेपाल ।।

हिमाल जस्तै अटल सोच,
नदी जस्तै निरन्तर जोश ।
जनताको आशा बोकेको नाम,
देश बदल्ने नयाँ विश्वास ।
काठमाडौंको गल्लीबाट उठ्यो आवाज,
परिवर्तनको बलियो सुरुवात ।
सत्यको बाटो, इमानको साथ,
यही हो नयाँ नेपालको शुरुआत ।
अन्धकार हटाउने उज्यालो प्रकाश,
भ्रष्टाचार विरुद्ध कडा संघर्ष ।
युवाको सपना, जनताको चाहना,
अब देशले पाउने नयाँ मार्ग ।
कदम अगाडि, हिम्मत विशाल,
सपना देख्ने मात्र होइन, गर्ने कमाल ।
देशको आशा, युवाको चाह,
अगाडि बढ्दैछन्
**Balendra Shah** ।
न डर, न हार, न कुनै थकान,
नेपालका लागि सधैं बलियो अभियान ।
जनताको साथ, देशको मान,
बालेनको नेतृत्वमा उठ्ने नेपाल महान ।
*!! जय नेपाल !!*



**• नारेन्द्र कुशवाहा**
**बर्दिवास, महोत्तरी, हाल जनकपुरधाम**

## ।। घन्टीलाई जितको बधाइ ।।

घन्टी बज्यो गाउँभरि, खुशीले भरियो आँगन,
जितको खबर ल्यायो, उज्यालो भयो जीवन।
मेहनतको मीठो फल, उज्यालो बन्यो बाटो,
घन्टीको धुनसँगै, बलियो बन्यो साथ हो।
जनताको विश्वासले, बढायो तिम्रो शान,
घन्टीको मधुर आवाज, गुञ्जियो देशभरि गान।
सपना आज साकार, खुल्यो सफलताको ढोका,
जितको घन्टी बज्दा, हरायो निराशाको सोका।
बधाई छ तिमीलाई, जितको सुनौलो दिनलाई,
घन्टी बजिरहोस् सधैं, खुशीका हरेक घडीलाई।



**लेखक : बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। जिततै घण्टी -बज्तै घण्टी ।।

बजलै घण्टी बजलै घण्टी टिन टिन टिन
भ्रष्टचारी, हत्या के पसिना ऐलै फिन फिन फिन
हो बालेन अईतै,रबि अईतै अईतै सब ठाउ मे घण्टी
आ पुरणका के किल्ला टुटतै बज्तै सब ठाउ घण्टी
हो परिवर्तन के आधार अईतै,देश मे सुधार अईतै
बालेन के सरकार अईतै, हत्या के पसिना छुटतै
जत-तत घण्टी छाप, कांग्रेस भेल हाफ,
आ एमाले के भेल पत्ता साफ
युवा मे सुधार अईलै,जेनजी के सरकार अईलै
जन्ता के मन बदल्लै, मतपत्र मे घण्टी बजलै
फागुन महिना भनेको पुराना पात झरेर
नयाँ पालुवा आउने समय हो .....
●फागुन २१
●जय घण्टी
●सम्पूर्णलाई शुभकामना

## ।। सत्यको सदैव जयविजय होस् ।।

सत्यको सदैव जयविजय होस् ।
असत्यको सदैव पराजय होस् ।।
अन्धकार भरिएको स्वप्न-क्षितिजमा
सुखद सुनौलो सुर्य-उदय होस् ।
चलिरहेको परिवर्तनको रङ्गमञ्चमा
क्रान्तिकारी पात्रको अभिनय होस् ।
निर्दोष बगेका आँसु रक्त पसिनाको
निष्पक्ष, निःस्वार्थ निर्णय होस् ।
श्री पशुपति बुद्ध जानकीसँग मागेको
मनोकामना! शुभ-मंगलमय होस् ।
सत्यको सदैव जयविजय होस् ।
असत्यको सदैव पराजय होस् ।।



**कवि : राम मण्डल**
**ठेगाना : लक्ष्मीनियाँ गा. पा.-१, सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## ।। राजनीति ।।

स्वास्थ्य शिक्षा सबैमा छ जस्को हात
यसमा सामेल सबैको हुन्छ एउटै जात
जीवनको हरेक पाइलामा गर्छ यसले राज
यसको बिना जीवनको छैन अस्तित्व आज
सहि गलत नछुटाई माग्छ यसले बहुमत
आफ्नो स्वार्थ पूरा गर्न हुन्छ सबै सहमत
सपथ लिन्छ देश बचाउने गर्छ ठूला कुरा
तर मौका आएपछि गर्दैन कुनै पुरा।।
आफ्नो धर्ती मातालाई बेची बेची खान्छ
तैपनि पुगेन भने देश लाई सखाबै पार्छ
तराई पहाड हिमाललाई टुक्रा टुक्रा गरी
बाँड्छ सबै नेताहरु आधि आधि पारी
यसको नशा लाग्नेले बोल्छ अनेक भाषा
यसलाई पाएन भने गर्छ निर्दोषलाई दाषा
यसले चिन्दैन कुनै समाज नकुनै नाता
यसले मान्छ मात्र राजनीतिक पिता माता ।।।



**लेखक: शुशिला सिंह कुशवाहा**
**ठेगाना: धनुषाधाम**

## ।। सख सेहन्ता सब मैर गेल ।।

सख सेहन्ता सब मैर गेल
अहु बेरक होली खाडीए मे भेल
घरक जिमेदारी सँ छी तङ
कि मनाउ होली कि खेलु रंग
कते साल एलै पवनि तिहार गेलै
अपन जिन्दगी खाडी मे छै बानल
केउ खुशी कोई छै कानल
विदेश जिन्दगी सबके छै जानल
कहियो बन्द कहियो छै हरताल
खाडी देशमे सेहो लागल छै काल
कते छुटै है बंम बारुद कत जाउ कत भागु
एयरपोर्ट सेहो छै बन्द
इरान उठैने छै हुरदंग
केउ सुतल छै केउ छै जागल
खाडी देशमे केकर नजर छै लागल
बुझ नै सकै छी अतके हाल
दिन राईत अत घुमै छै काल
सख सेहन्ता सब मैर गेल
अहुँ बेरक होली खाडीएमे भेल



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर,**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। ऊ दुर्जरू केनेछल ।।

सगरो सदिखन छले छल
भथायल अन्हरायल चकनर
कतेक कहलियै कम नै समझौलियै
तैयो मर्यादा के मर्दन क,
सीमा नांघि पकैर गर्दैन त
सब लागल आव विध्वंसे छैक
तहन बजे सब मने मन
चुपे चाप घने घन
आव आशा के दिप तिलमैत
हर घर गलि दौने दौन
धीरे धीरे जने जन
आव के रोकतै
धधकैत धाहि जुवायल छै
अनहरिया भेल इजोर छईक
छउरा सब के नै छै तोर
आव के उ नई होइ नोरे नोर
नई चिहकै कोनो ठोर !!



Md Ajad
**जनकपुर ४**

## ।। मुक्तक ।।

समयले सिकाउँछ देश र समाजको कथा,
मौन जनताले पनि बोकेका हुन्छन् व्यथाहरू अथाह।
परिवर्तन शब्दले मात्र आउँदैन संसारमा,
जब चेतना जाग्छ, तब इतिहास आफैँ
लेखिन्छ नयाँ।



**नाम : बिनय दाहाल काजी**

## ।। अटुट विश्वासको माया ।।

हाम्रो सम्बन्ध धेरै बलियो छ सानू,
विश्वासको डोरीले बाँधिएको हाम्रो मन।
समयले जति परीक्षा लिए पनि,
कहिल्यै नटुट्ने छ हाम्रो यो सम्बन्धन।
तिमी बस विश्वास राख्दै जानू,
माया हाम्रो सधैं अटल रहनेछ।
आँधी आयो, हुरी आयो जीवनमा,
तर हाम्रो साथ कहिल्यै नटुट्नेछ।
तिम्रो मुस्कान मेरो खुशी हो,
तिम्रो साथ मेरो संसार।
जुनसुकै परिस्थिति आए पनि,
म कहिल्यै छोड्दिन तिम्रो हात सानू बारम्बार।
जुनी जुनीसम्म साथ दिने कसम छ,
मनमा तिमी मात्रै बस्छौ सधैं।
हाम्रो सम्बन्ध धेरै बलियो छ सानू,
विश्वास राख्नु है–माया घट्दैन कहिल्यै।



**लेखक: दिलीप कुमार दास**
**ठेगाना: धनुषाधाम -०४ लक्ष्मीपुर**

## ।। शीर्षक: आशाको दियो ।।

हिँड्दा हिँड्दै थकाई लाग्छ, पाइलाहरू भारी हुन्छन्
अँध्यारोले घेर्दा कहिले, मनमा धेरै पीर बन्छन्।
तर नबिर्सनु यात्री तिमी, रातपछि बिहानी छ
कालो बादल पन्छिएर, फेरि झुल्किने नानी छ।
तगारो त आउँछन् धेरै, बाटो छेक्न खोज्छन् यहाँ
ढुङ्गासँग जुध्न पाए, झरनाको स्वर खुल्छ जहाँ।
पसिनाले सिँचेर हेर, मरुभूमिमा फूल फुल्छ
मेहनतको चाबी भए, सफलताको ढोका खुल्छ।
सानो एउटा दियो बाले, अन्धकार त भाग्छ नै
अदम्य साहस बोकेर हिँडे, लक्ष्य आफैं जाग्छ नै।
धैर्य गर, प्रयत्न गर, मनमा अलिकति आस राख
आफ्नै गन्तव्य भेट्नलाई, अघि बढ्ने प्यास राख।



**लेखक: शम्भु साह**
**ठेगाना : मिरचैया न. पा ११**

# यो चुनाव मेरो लागि एकदमै चुनौतीपूर्ण रहयो : राजेश हमाल



काठमाण्डु । अभिनेता राजेश हमालले यसपटकको चुनाव आफ्नो लागि एकदमै संवेदनशील र चुनौतीपूर्ण रहने बताएका छन् । प्रतिनिधि सभा निर्वाचनको पूर्वसन्ध्यामा एक भिडियो सन्देश जारी गर्दै उनले यस्तो बताएका हुन् । उनले भदौ २३ र २४ गतेको घटनापछि देश संवेदनशील अवस्थामा रहेकाले सुझबुझ पुऱ्याएर कसैको दबाबमा नपरी मतदान गर्न पनि आग्रह गरेका छन् ।

उनले भनेका छन्, 'यो चुनाव मेरो लागि संवेदनशील र चुनौतीपूर्ण रहनेछ । भोलि भोट हाल्दै गर्दा मेरो सामुन्ने एक हिसाबले चुनौती नै रहनेछ । किनकि, हाम्रोसामु राजनीतिक हिसाबले परिपक्व भनिएका राजनीतिक दलहरूको धमलिएको छवि र नयाँ राजनीतिक शक्ति भनाउँदाहरूको राजनीतिक दूरदर्शिता खासै छर्लङ्गसँग आइसकेको छैन । यो हिसाबले हाम्रो अगाडि ठूलै चुनौती रहनेछ।'

हमालले भदौ २३ र २४ गतेका घटनाबीच सम्बन्ध थियो वा थिएन भन्ने विषय अझै स्पष्ट नभएको पनि उल्लेख गरेका छन् । भदौ २३ मा भएको कहालीलाग्दो घटना र भदौ २४ मा भएको राष्ट्रिय सम्पदाको विध्वंसको जवाफदेहिता स्पष्ट रूपमा सुनिश्चित नभइसकेको अवस्थामा देश चुनावमा होमिएकाले मतदाताका लागि छनोट त्यति सजिलो नभएको उनको तर्क छ ।

उनले भिडियोमा भनेका छन्, 'भोलिका दिनमा यदि नेपालमा राजनीतिक स्थिरता र ऐक्यबद्धता आएन भने नेपालको स्वतन्त्रता र सार्वभौमतामाथि नै आँच आउन सक्छ । त्यसैले भोलि हामी मतदाताहरूले अत्यन्त संवेदनशील भएर मतदान गर्नुपर्छ । हाम्रो अगाडि छनोट त्यति सजिलो छैन । चुनौतीपूर्ण छ । हामीले सचेत भएर आफ्नो मतदानको अधिकारलाई प्रयोग गर्नुपर्छ ।

# राज-डीकेको फिल्ममा सुपरहिरो बन्दै सलमान !



काठमाण्डु । भारतीय वेब सिरिज 'द फ्यामिली म्यान'का निर्देशकद्वय राज-डीके र अभिनेता सलमान खानबीच आगामी फिल्ममा सहकार्य हुन सक्ने संकेत देखिएको छ । केही समययता उनीहरूले फिल्मको विषयमा निरन्तर छलफल गरिरहेका छन् । भारतीय सञ्चारमाध्यम इन्डिया टाइम्सका अनुसार यो फिल्म सन् २००८ को चर्चित अमेरिकी सुपरहिरो फिल्म 'ह्यान्कक'बाट प्रेरित हुनेछ ।

यस फिल्ममा सलमानले एक अनिच्छुक र अवकाश लिन खोजिरहेको सुपरहिरोको भूमिका निभाउने जनाइएको छ । कथामा उनको पात्र आफ्नो जिम्मेवारीबाट टाढा जान खोज्छ, तर परिस्थिति र जिम्मेवारीले उसलाई पुनः मैदानमा फर्किन बाध्य बनाउँछ । राज-डीकेले हास्य र भावनात्मक तत्व मिसाएर फिल्म बनाउने तयारी गरेको बताइएको छ ।

इन्डिया टाइम्सको रिपोर्टमा उल्लेख भएअनुसार सलमानले फिल्मको कथावस्तु मन पराएका छन् । तर, उनले अन्तिम निर्णय पूर्ण स्क्रिप्ट सुनेपछि मात्र गर्ने जनाइएको छ । उनले फिल्मको बजेट पनि सन्तुलित चाहेका छन् । उनी तत्काल कुनै महँगो प्रोजेक्टमा काम गर्ने मनस्थितिमा छैनन् । यसैले उनले निर्माताहरूलाई कथा र बजेट दुवैलाई सही ढंगले बनाउन आग्रह गरेका छन् ।

यतिबेला निर्देशकद्वय राज-डीकेले फिल्मको कथालाई सलमानको व्यक्तित्वअनुसार ढाल्ने प्रयास गरिरहेका छन् । उनीहरूले आगामी अप्रिलमा फिल्मको औपचारिक न्यारेसनसहित सलमानलाई बजेटबारे जानकारी गराउन सक्ने बताइएको छ । सबै कुरा योजना अनुसार अगाडि बढेको खण्डमा आगामी नोभेम्बर २०२६ मा फिल्मको छायांकन सुरू हुन सक्नेछ ।

## 'तुम्बाड २'मा देखिँदै नवाजुद्दीन सिद्दीकी

काठमाण्डु । सन् २०१८ को कल्ट क्लासिक फिल्म 'तुम्बाड'को यस वर्ष सिक्वेल निर्माण हुँदैछ । बलियो दृश्यभाषामार्फत पहिलो भागले गहिरो प्रभाव छाडेकाले 'तुम्बाड २'प्रति दर्शकमा ठूलो अपेक्षा देखिएको छ । अब यो फिल्मको प्रतीक्षामा बसेका दर्शकका लागि एउटा खुसीको खबर आएको छ । यसमा बलिउड अभिनेता नवाजुद्दीन सिद्दीकीको प्रवेश भएको छ ।

फिल्ममा नवाजुद्दीन अनुबन्धित भएको जानकारी स्वयं निर्माताले सामाजिक सञ्जालमार्फत दिएका छन् । नवाजुद्दीनलाई 'तुम्बाड' युनिभर्समा जोड्नु निर्माताको ठूलो सृजनात्मक निर्णय मानिएको छ । तर, उनको भूमिकाबारे कुनै जानकारी दिइएको छैन । फिल्म निकट स्रोतका अनुसार उनको भूमिकाले कथाको मनोवैज्ञानिक र भावनात्मक टोनलाई अझ गहिरो बनाउनेछ ।

'तुम्बाड २'मा अभिनय गर्ने पक्का भएसँगै नवाजुद्दीनले यसको हिस्सा बन्न पाएकोमा खुसी व्यक्त गरेका छन् । उनले भनेका छन्, 'म 'तुम्बाड'को मौलिकता र यसको डार्क माहोलको सधैं प्रशंसक हुँ । जब सोहम शाह (निर्माता)ले मलाई सिक्वेलको भिजन सुनाउनुभयो, कथा तुरुन्तै मन पऱ्यो ।

## झापाका पाँचै निर्वाचन क्षेत्रमा मतान्तर बढाउँदै रास्वपा उम्मेदवार

भद्रपुर । प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत झापाका पाँचवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारहरूले अग्रता कायम राख्दै मतान्तर बढाएका छन् ।

पछिल्लो सार्वजनिक मत परिणामअनुसार निर्वाचन क्षेत्र नं ५ मा रास्वपाका उम्मेदवार बालेन्द्र शाह १३ हजार ६५४ मतसहित अग्रस्थानमा रहनुभएको छ । उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले) का केपी शर्मा ओलीले तीन हजार ११ मत प्राप्त गर्नुभएको छ ।

यस क्षेत्रमा श्रम संस्कृति पार्टीका समीर तामाङले एक हजार ५१७, नेपाली कांग्रेसकी मन्धरा चिमरियाले ४०३ तथा नेपाली कम्युनिष्ट पार्टीका रञ्जित तामाङले ३७० मत प्राप्त गर्नुभएको छ । शाहले ओलीलाई १० हजार ६४३ मतले पछि पार्नुभएको छ ।

निर्वाचन क्षेत्र नं ४ मा रास्वपाका शम्भुप्रसाद ढकाल तीन हजार २१७ मतसहित अग्रस्थानमा हुनुहुन्छ । उहाँका प्रतिस्पर्धी नेकपा (एमाले)का लालप्रसाद साँवा लिम्बूले ९५२ मत प्राप्त गर्नुभएको छ । नेपाली कांग्रेसका देउकुमार थेवेले ९२४ मत प्राप्त गर्नुभएको छ ।

त्यसैगरी निर्वाचन क्षेत्र नं ३ मा रास्वपाका प्रकाश पाठक नौ हजार २६४ मतसहित अग्रस्थानमा हुनुहुन्छ । उहाँका प्रतिस्पर्धी राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले चार हजार ९२४ मत प्राप्त गर्नुभएको छ । पाठकले लिङ्देनलाई चार हजार ३४० मतले पछि पार्नुभएको छ । यस क्षेत्रमा श्रम संस्कृति पार्टीका दीपक तिम्सिनाले दुई हजार ४६३ मत प्राप्त गर्नुभएको छ ।

निर्वाचन क्षेत्र नं २ मा रास्वपाकी इन्दिरा राना मगर १० हजार ४४३ मतसहित अग्रस्थानमा हुनुहुन्छ । उहाँका प्रतिस्पर्धी नेकपा (एमाले)का देवराज घिमिरेले एक हजार ७०३ मत प्राप्त गर्नुभएको छ । उहाँहरूबीच आठ हजार ७४० मतान्तर रहेको छ । यस क्षेत्रमा श्रम संस्कृति पार्टीका केशवकुमार भण्डारीले एक हजार ३५७ तथा नेपाली कांग्रेसकी सरिता प्रसाईंले ९०९ मत प्राप्त गर्नुभएको छ ।

निर्वाचन क्षेत्र नं १ मा रास्वपाकी निशा डाँगी सात हजार ९४३ मतसहित अग्रस्थानमा रहनुभएको छ । उहाँका प्रतिस्पर्धी श्रम संस्कृति पार्टीका केवल राईले दुई हजार ५१३ मत प्राप्त गर्नुभएको छ । नेपाली कांग्रेसका केशवराज पाण्डेले एक हजार ९३४ तथा नेकपा (एमाले)का रामचन्द्र उप्रेतीले एक हजार ६७१ मत प्राप्त गर्नुभएको छ ।रासस

## जनअभिमत नै अन्तिम र सर्वोच्च : एमाले सचिव भट्टराई



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सचिव डा राजन भट्टराईले आफ्नो पार्टीले लोकतन्त्रमा जनअभिमत नै अन्तिम र सर्वोच्च हुन्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै आएको बताउनुभएको छ ।

प्रतिनिनिधिसभा सदस्य निर्वाचनको जारी मत गणनामा एमाले पार्टी पछाडि परेको सन्दर्भमा काठमाडौँ क्षेत्र नं ४ बाट एमालेका तर्फबाट उम्मेदवारसमेत रहनुभएका सचिव भट्टराईले परिणाम स्वीकार गर्दै विजयोन्मुख उम्मेदवार र दललाई बधाई दिनुभयो ।

नेता भट्टराईले सामाजिक सञ्जालमार्फत शुक्रबार भन्नुभएको छ, "मलाई थाहा छ, राजनीतिमा पराजय अन्तिम सत्य होइन, यो आत्मसमीक्षा र नयाँ पाठ सिक्ने अवसर पनि हो ।"रासस

# देशभरि रास्वपाको अग्रता

काठमाण्डु । राष्टिय स्वतन्त्र पार्टीले देशैभरि आफनो अग्रता कायम गरेको छ । मुलुकको सातवटै प्रदेशमा अप्रत्यासितरुपमा आफनो दवदवा कायम राख्दै समाचार लेखुनजेलसम्म सय भन्दा बढि सिटमा अग्रता लिएको छ ।

### दाङ-२ रास्वपाका आचार्यलाई पछ्याउदै एमालेका पोखेल

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत दाङ निर्वाचन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टीले अग्रता कायम राखेको छ ।

घोराहीस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार हालसम्म ११ हजार ६०९ मतगणना हुँदा रास्वपाका विपीन आचार्यले पाँच हजार ९७४ मत प्राप्त गर्नुभएको छ । त्यसैगरी, नेकपा (एमाले)का शङ्कर पोखेलले घिमिरेलाई पछ्याउँदै दुई हजार ४९४ मत र नेपाली कांग्रेसका किरणकिशोर घिमिरेले एक हजार ६०० मत प्राप्त गर्नुभएको छ ।

दाङ निर्वाचन क्षेत्र नं २ मा कुल मतदाता एक लाख ४० हजार ९६५ रहेकामा ८२ हजार ६२६ मत खसेको थियो । सो निर्वाचन क्षेत्रमा दलका र स्वतन्त्र गरी २३ जना उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्छ ।

### काठमाडौं-४ मा रास्वपाका बम अग्रस्थानमा

काठमाडौँ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं ४ मा राष्ट्रिय स्वतन्त्र पार्टीका पुकार बम १५ हजार ७०३ मतसहित अहिलेसम्म अग्रस्थानमा हुनुहुन्छ ।

निर्वाचन अधिकृत कृष्णा भण्डारीका अनुसार अहिलेसम्मको गणनामा नेपाली कांग्रेसका सचिन तिमल्सिनाले चार हजार ८४२ र नेकपा (एमाले) का डा राजन भट्टराईले चार हजार २६९ मत प्राप्त गर्नुभएको छ ।त्यसैगरी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का इन्द्रकुमार भुसाल ४५१ मत प्राप्त गर्नुभएको छ । यस क्षेत्रमा राजनीतिक दल र स्वतन्त्र गरी कुल २८ उम्मेदवार रहेका छन् ।

### काभ्रे-२ मा रास्वपाको अग्रता

काभ्रेपलाञ्चोकको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ को पछिल्लो मतगणना परिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को अग्रता निरन्तर कायम छ । आज बिहानदेखि निर्वाचन क्षेत्र नं २ को धुलिखेल नगरपालिकाबाट गणना सुरु गरिएको हो ।

हालसम्ममा निर्वाचन क्षेत्र नं २ अन्तर्गतका धुलिखेल र पनौती नगरपालिकाका वडाहरू गणना सम्पन्न गरेको हो । पछिल्लो मत परिणामअनुसार काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-११ र १२ सम्मको मत परिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का बदनकुमार भण्डारीले नौ हजार ८५५ मत प्राप्त गर्नुभएको छ । नेकपा (एमाले)का अशोककुमार ब्याञ्जु श्रेष्ठले चार हजार १४९ मत प्राप्त गर्नुभएको छ भने नेपाली कांग्रेसका मधुप्रसाद आचार्यले दुई हजार ८०९ मत प्राप्त गर्नुभएको छ ।

त्यस्तै, नेपाली कम्युनिष्ट पार्टीका वसुन्धरा हुमागाईंले एक हजार २६८ मत प्राप्त गर्नुभएको छ भने उज्यालो नेपाल पार्टीका ज्योत्सना संजुले ६७३ मत प्राप्त गर्नुभएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीका रन्जीव श्रेष्ठले ३६४, प्रगतिशील लोकतान्त्रिक पार्टीका रमेशबहादुर घर्ती क्षेत्रीले २१, श्रम संस्कृति पार्टीका टङ्कबहादुर लामाले ८८ मत र स्वतन्त्रका आसा तामाङले ५० प्राप्त गर्नुभएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ का कार्यालयका अनुसार २० हजार ४४१ मत गणना भएकामा एक हजार ८८ मत बदर भएको जनाएको छ ।

### झापा-५ : रास्वपा भारी मतान्तरले अग्रता

झापा निर्वाचन क्षेत्र नं ५ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार एवं पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहले ११ हजार ९४५ मत प्राप्त गर्दै अग्रता कायम राख्नुभएको छ ।

शुक्रबार अपराह्न ५:३० बजेसम्मको मतगणना अनुसार १८ हजार ९७ मतगणना सम्पन्न गर्दा उहाँले उक्त मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यसैगरी, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले दुई हजार ६९२ मत प्राप्त गर्नुभएको छ भने श्रम संस्कृति पार्टीका समीर तामाङले एक हजार ४४७ मत, नेपाली कम्युनिष्ट पार्टीका रन्जित तामाङले ३५५, नेपाली कांग्रेसकी उम्मेदवार मन्धरा चिमरियाले ३३५ मत प्राप्त गर्नुभएको छ ।

### पर्साको चारै क्षेत्रमा रास्वपाको अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनमा पर्साको चारवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवारले अग्रता लिएका छन् ।पर्साको मुख्य निर्वाचन अधिकृत गायत्रीप्रसाद रेग्मीले पर्साको क्षेत्र नम्बर १ मा सात हजार ७३६ मत गन्दा रास्वपाको उम्मेदवार बुद्धिप्रसाद पन्तले तीन हजार ४०४ मत प्राप्त गर्नुभएको जानकारी दिनुभयो ।

उम्मेदवार पन्तलाई नेकपा (एमाले)का उम्मेदवार प्रदीप यादवले एक हजार ६३८ मत ल्याएर पछ्याई रहनुभएको छ । त्यस्तै, नेपाली कांग्रेसका उम्मेदवार अनिलकुमार रूगँटाले भने एक हजार ३६२ मत प्राप्त गर्नुभएको छ । निर्वाचन क्षेत्र नम्बर २ मा पनि रास्वपाकै उम्मेदवार सुशीलकुमार कानुले छ हजार ७०९ मत ल्याएर अग्रता कायम राखेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । सो क्षेत्रका नेपाली कांग्रेसका उम्मेदवार अजयकुमार चौरसियाले दुई हजार ७७९ मत प्राप्त गर्नुभएको छ । त्यस्तै, नेकपा (एमाले)का रिमाकुमारी यादवले दुई हजार ५६२ मत प्राप्त गर्नुभएको छ ।

क्षेत्र नम्बर ३ मा पनि रास्वपाकै उम्मेदवार रामाकान्त चौरसियाले दुई हजार ८४८ मत ल्याएर अग्रता कायम राखेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । सो क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार सुरेन्द्रप्रसाद चौधरीले एक हजार ३१५ मत ल्याएर पछ्याई रहनुभएको छ । पर्साको प्रतिनिधिसभा सदस्य क्षेत्र नम्बर ४ मा पनि रास्वपाका उम्मेदवार टेकबहादुर शाक्यले एक हजार ४१२ मत ल्याएर अग्रता कायम राखेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । त्यस्तै, नेपाली कांग्रेसका उम्मेदवार रमेश रिजालले ६०८ मत ल्याएर पछ्याई रहनुभएको छ भने नेकपा (एमाले)का उम्मेदवार जालिम मियाँ मन्सुरीले भने ३५२ मत प्राप्त गर्नुभएको छ ।

### बाराका दुई वटा निर्वाचन क्षेत्रमा रास्वपाको अग्रता

बिहीबार भएको प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत बाराका चारवटा निर्वाचन क्षेत्रमध्ये दुई वटामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारले अग्रता लिएका छन् । मुख्य निर्वाचन अधिकृत राजकुमार दाहालका अनुसार हालसम्म दुई वटा निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजनिक गरिएकामा दुई वटै क्षेत्रमा रास्वपाका उम्मेदवारले अग्रता लिएका हुन् ।

निर्वाचन क्षेत्र नं १ मा हालसम्म ११ हजार १४१ मत गणना भएको छ । त्यसमध्ये ७८८ मत बदर भएका दाहालले जानकारी दिनुभयो । हालसम्म भएको गणनामा रास्वपाका उम्मेदवारले पाँच हजार ८७७ मत प्राप्त गरी अग्रता लिनुभएको छ भने नेपाली कांग्रेसका उम्मेदवारले एक हजार ९४३ र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवारले एक हजार ५५५ मत प्राप्त गर्नुभएको छ ।

निर्वाचन क्षेत्र नं ३ मा रास्वपाका उम्मेदवारले अग्रता बनाएका छन् । यहाँ रास्वपाले १५ हजार १३८ मत प्राप्त गर्दा कांग्रेसले चार हजार १९, जनता समाजवादी पार्टीका उम्मेदवारले दुई हजार २६०, जनमत पार्टीका उम्मेदवारले एक हजार ६३५ र एमालेका उम्मेदवारले एक हजार ५२ मत प्राप्त गरेका छन् ।मुख्य निर्वाचन अधिकृत दाहालका अनुसार मतगणना जारी छ । हालसम्म गणना गरिएका मतमध्ये करिब एक हजार ५०० मत बदर भएका उहाँले जानकारी दिनुभयो ।

### भक्तपुरका दुवै क्षेत्रमा रास्वपाले फराकिलो मतान्तर, अग्रता कायमै

भक्तपुरको क्षेत्र नं १ र २ गरी दुवै क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीले फराकिलो मतान्तरले अग्रता कायमै राखेको छ । साँझ ५:०० बजेसम्मको मतगणनाअनुसार भक्तपुर क्षेन नं १ को मतगणना रास्वपाका रुकेश रन्जितले १२ हजार १७१ मतसहित अग्रता कायमै राख्नुभएको छ भने नेमकिपाका प्रेम सुवालले आठ हजार ५३७ मतले पछ्याउनुभएको छ । नेपाली कांग्रेसका किरण न्यौपानेले एक हजार १८२ र नेकपा एमालेका सोमप्रसाद मिश्रले एक हजार १६४ मत प्राप्त गर्नुभएको छ ।

त्यसैगरी, भक्तपुर क्षेत्र नं २ मा रास्वपाका राजीव खत्रीले ११ हजार ४९ मतले अग्रता कायमै राख्दा एमालेका महेश बस्नेतले तीन हजार ११६ मत प्राप्त गरी पछ्याउनुभएको छ । नेपाली कांग्रेसका कविर राणाले एक हजार ५०३ मत प्राप्त गर्नुभएका जिल्ला निर्वाचन कार्यालय भक्तपुरका प्रवक्ता भीम बिसीले जानकारी दिनुभयो ।भक्तपुर क्षेत्र नं १ मा कुल एक लाख सात हजार ५४ मतदाता रहेकामा ७६ हजार ७६१ मत खसेको थियो भने क्षेत्र नं २ मा ९८ हजार ३५६ मतदाता रहेकामा ७२ हजार ७६१ मत खसेको थियो । मतगणना जारी रहेको छ ।

### नुवाकोट-१ मा रास्वपाका विक्रम तिमिल्सिनाको अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत नुवाकोटको निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार डा विक्रम तिमिल्सिनाले अग्रता लिनुभएको छ ।

सहायक निर्वाचन अधिकृत प्रमोद रिजालका अनुसार अहिलेसम्मको गणनामा रास्वपाका तिमिल्सिनाले ५७९ मत प्राप्त गर्नुभएको छ । दोस्रो स्थानमा रहनुभएका नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार बद्री मैनालीले ५१५ मत ल्याउनुभएको छ भने नेपाली कांग्रेसका उम्मेदवार डा प्रकाशशरण महतको ३८२ मत रहेको छ ।

यसैगरी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का उम्मेदवार हितबहादुर तामाङले ३३६ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । नुवाकोटको निर्वाचन क्षेत्र नं १ मा आज मध्याह्न १२ बजेदेखि ककनी गाउँपालिकाबाट मत गणना थालिएको हो ।

### नुवाकोट-२ मा रास्वपाका अचुत्तम लामिछानेको अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत नुवाकोट निर्वाचन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार अचुत्तम लामिछानेले अग्रता कायम राख्नुभएको छ । मुख्य निर्वाचन अधिकृत कोमलप्रसाद आचार्यको अनुसार हालसम्मको मत गणनामा रास्वपाका लामिछानेले तीन हजार ९६५ मत प्राप्त गर्नुभएको छ ।यस्तै, नेपाली कांग्रेसका उम्मेदवार जगदीश्वरनरसिंह केसीले दुई हजार ६६ मत र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार केशवराज पाण्डे एक हजार ८९३ मत ल्याउनुभएको छ ।

यसैगरी, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का उम्मेदवार हिरानाथ खतिवडाले एक हजार ५७३ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत आचार्यले जानकारी दिनुभयो । आज बिहान ८:०० बजेदेखि थालिएको मतगणनाअन्तर्गत अहिलेसम्म बेलकोटगढी नगरपालिका-१, २, ३, ४, ६, १२ र १३ वडाको मत गणना सम्पन्न भएको छ ।

### सुर्खेत-२ मा रास्वपाको अग्रता

सुर्खेत निर्वाचन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टीले अग्रता लिएको छ । रास्वपाका उम्मेदवार रमेशकुमार सापकोटाले छ हजार ७३९ मतगणना हुँदा एक हजार ९७४ मत प्राप्त गर्नुभएको छ ।

त्यसैगरी, नेकपा एमालेका कुलमणि देवकोटा एक हजार ९१७, नेपाली कांग्रेसका नारायणकुमार कोइरालाले एक हजार ६६३ र नेपाली कम्युनिष्ट पार्टीका झकबहादुर मल्लले एक हजार २८० मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत दीपक ढकालले जानकारी दिनुभयो । सुर्खेतको २ नं क्षेत्रमा १७ दलका प्रत्यासीहरू छन् । एक लाख २६ हजार ४१ मतदाता सङ्ख्या रहेको यो क्षेत्रमा ७३ हजार ३५६ मत खसेको थियो ।

### सिरहाका चारै निर्वाचन क्षेत्रमा रास्वपाको अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत सिरहाका चारवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवारले सुरुआती अग्रता लिएका छन् ।

निर्वाचन क्षेत्र नं १ मा एक हजार २१५ मतगणना हुँदा रास्वपाका उम्मेदवार बब्लु गुप्ताले ७७९ मत प्राप्त गर्नुभएको छ । निर्वाचन अधिकृत फडिन्द्रराज भट्टराईका अनुसार यस क्षेत्रमा नेपाली कांग्रेसका रामसुन्दर चौधरीले २०२ मत र नेकपा (एमाले)का रामशङ्कर यादवले १२७ मत प्राप्त गर्नुभएको छ ।

त्यसैगरी, निर्वाचन क्षेत्र नं २ मा दुई हजार ३१६ मतगणना हुँदा रास्वपाका उम्मेदवार शिवशङ्कर यादवले एक हजार ४७१ मत प्राप्त गर्दै अग्रता लिनुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । यहाँ नेपाली कांग्रेसका उम्मेदवार रामचन्द्र यादवले ३०७ मत प्राप्त गर्नुभएको छ भने जनता समाजवादी पार्टी, नेपालका उम्मेदवार सञ्जीवकुमार यादवले ११८ मत प्राप्त गर्नुभएको छ ।

ढिलागरी मतगणना सुरु भएको निर्वाचन क्षेत्र नं ३ मा रास्वपाका उम्मेदवार डा शम्भु यादवले एक हजार १७७ मत प्राप्त गर्दै अग्रता लिनुभएको छ । मतगणनाअनुसार नेपाली कम्युनिष्ट पार्टीका विश्वनाथ साहले ८३३, नेकपा (एमाले) का लीलानाथ श्रेष्ठले ७७८, नेपाली कांग्रेसका डा सुभाषचन्द्र यादवले ४३६ तथा जनता समाजवादी पार्टीका अशेश्वर यादवले ६८६ मत प्राप्त गर्नुभएको छ ।

त्यसैगरी, निर्वाचन क्षेत्र नं ४ मा बेलुका ४:०० बजेसम्मको विवरणअनुसार आठ हजार ९७० मतगणना हुँदा रास्वपाका उम्मेदवार तपेश्वर यादवले चार हजार ३५५ मत प्राप्त गर्दै अग्रता कायम राख्नुभएको छ । उहाँलाई नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का अजयशङ्कर नायकले एक हजार १४० मतसहित पछ्याइरहनुभएको छ । यहाँ जनमत पार्टीका वीरेन्द्रप्रसाद महतोले ८८९, नेपाली कांग्रेसकी चन्द्रकलाकुमारी यादवले ७१० तथा जनता समाजवादी पार्टी नेपालका राजकिशोर यादवले ५४१ मत प्राप्त गर्नुभएको छ ।

### चितवनका तीन क्षेत्रमा रास्वपाको अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना जारी रहँदा चितवनका तीन क्षेत्रमा नै रास्वपाका उम्मेदवारले अग्रता लिएका छन् । चितवन क्षेत्र नं १ मा रास्वपाका उम्मेदवार हरि ढकाल तीन हजार ५०३ मतका साथ अग्रस्थानमा हुनुहुन्छ ।

यस क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का दावादोर्जे लामा दुई हजार १०९ मतसहित देस्रो स्थानमा हुनुहुन्छ भने तेस्रो स्थानमा नेपाली कांग्रेसका राजेन्द्रप्रसाद बुर्लाकोटीले एक हजार ७५२ मत प्राप्त गर्नुभएको छ ।

क्षेत्र नं २ मा रास्वपाका उम्मेदवार रवि लामिछानेले १० हजार ८२२ मत प्राप्त गर्दा नेपाली कांग्रेसकी उम्मेदवार मीनाकुमारी खरेलले तीन हजार २२७ मत प्राप्त गर्नुभएको छ । नेकपा एमालेका अस्मिन घिमिरेले दुई हजार ८४६ मत प्राप्त गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।क्षेत्र नं ३ मा रास्वपा उम्मेदवार सोविता गौतमको नौ हजार ८७९ मत प्राप्त हुँदा नेपाली कम्युनिष्ट पार्टीबाट रेनु दाहालले पाँच हजार २५६ मत प्राप्त गर्नुभएको छ । त्यसैगरी नेकपा एमालेका शङ्करराज थपलियाले एक हजार ४६५ मत प्राप्त गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

प्रतिनिधिसभा निर्वाचनमा जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा चार लाख ४२ हजार ८२ जना मतदाता रहेका छन् । जसमा दुई लाख १७ हजार ३१४ जना पुरुष र दुई लाख २४ हजार ७६६ जना महिला एवं दुई जना अन्य मतदाता रहेका छन् ।

### झापाका पाचै क्षेत्रमा रास्वपाको अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत झापामा जारी मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार पाँचवटै निर्वाचन क्षेत्रमा अग्रस्थानमा रहेका छन् ।

पछिल्लो मतपरिणामअनुसार झापा-१ मा रास्वपाकी निशा डाँगी, झापा-२ मा इन्दिरा राना मगर, झापा-३ मा प्रकाश पाठक, झापा-४ मा शम्भूप्रसाद ढकाल र झापा-५ मा बालेन्द्र शाहको अग्रता कायम छ ।

झापा-५ मा रास्वपाका उम्मेदवार बालेन्द्र शाहले हालसम्म ६ हजार ५ सय ५१ मत प्राप्त गर्नुभएको छ । उहाँका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का केपी शर्मा ओलीले एक हजार ४२८ मत प्राप्त गर्नु भएको छ । उक्त क्षेत्रमा नेपाली कांग्रेसकी उम्मेदवार मन्धरा चिमरियाले १८६ मत प्राप्त गर्दा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार रन्जित तामाङले १२९ मत प्राप्त गर्नुभयो ।

झापा-१ मा रास्वपाकी निशा डाँगी ३ हजार १७० मतसहित अग्रस्थानमा रहँदा नेपाली कांग्रेसका केशवराज पाण्डेले एक हजार २८ र नेपाली कम्युनिष्ट पार्टीका रामचन्द्र उप्रेतीले ७८० मत प्राप्त गर्नुभएको छ ।

त्यस्तै झापा-२ मा रास्वपाकी इन्दिरा राना मगर ३ हजार ३९५ मतसहित अगाडि हुनहुन्छ । नेकपा (एमाले) का देवराज घिमिरेले एक हजार ३१० मत प्राप्त गर्दा राप्रपाका भद्र नेपालले २०३ र नेपाली कांग्रेसकी सरिता प्रसाईले १९१ मत प्राप्त गर्नुभएको छ ।

झापा-३ मा रास्वपाका प्रकाश पाठक ४ हजार ७५ मतसहित अग्रस्थानमा रहनुभएको छ । राप्रपाका राजेन्द्र लिङ्देनले २ हजार ७७९ मत प्राप्त गर्नुभएको छ । श्रम संस्कृति पार्टीका दीपक तिम्सिनाले एक हजार ४६८, नेकपा (एमाले) का हरिबहादुर राजवंशीले एक हजार ३७ र नेपाली कांग्रेसका राजेन्द्रकुमार घिमिरेले ८८० मत प्राप्त गर्नुभएको छ ।

झापा-४ मा रास्वपाका शम्भूप्रसाद ढकाल ५ हजार २५४ मतसहित अगाडि हुनुहुन्छ । नेकपा (एमाले) का लालप्रसाद साँवा लिम्बूले एक हजार २४८ मत ल्याउँदा नेपाली कांग्रेसका देउकुमार थेवेले ४७० मत प्राप्त गर्नुभएको छ । जिल्लाका सबै निर्वाचन क्षेत्रमा मतगणना कार्य जारी रहेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

### महोत्तरीका चारै क्षेत्रमा रास्वपाको अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनमा महोत्तरीका चारवटै क्षेत्रमा रास्वपाका उमेदवारले अग्रता लिनुभएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले दिएको जानकारीअनुसार आज दिउँसो ४ बजेसम्म क्षेत्र नं १ मा रास्वपाका प्रमोदकुमार महतोले १० हजार ९९३ मत प्राप्त गर्दा नेपाली कम्युनिष्ट पार्टीका गिरिराजमणि पोखरेलले तीन हजार ९२३ र नेकपा (एमाले) का लक्ष्मी महतो कोइरीले दुई हजार ८५६ मत प्राप्त गर्नुभएको छ ।

यस्तै, क्षेत्र नं २ मा रास्वपाका दीपककुमार साहले दुई हजार ९१९ र जनता समाजवादी पार्टीका शरतसिंह भण्डारीले ८५८ मत प्राप्त गर्नुभएको छ । क्षेत्र नं ३ मा रास्वपाका उज्ज्वल झाले ५७१ र स्वतन्त्र उमेद्वार रामआधार कापरले ११४ मत प्राप्त गर्नुभएको छ ।

क्षेत्र नं ४ मा रास्वपाका गौरीकुमारीले ६५१ र जनता समाजवादी पार्टीका डा सुरेन्द्रकुमार यादवले २६९ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

### गोरखा-२ मा रास्वपाको अग्रता कायमै

प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कविन्द्र बुर्लाकोटीको अग्रता कायमै छ ।

निर्वाचन अधिकृत मोहनप्रसाद बेल्वालेका अनुसार एक हजार ३४० मत गणना हुँदा रास्वपाका बुर्लाकोटीले ७९१ मत प्राप्त गर्नुभएको छ । यस्तै, नेपाली कम्युनिष्ट पार्टीका र लेखनाथ न्यौपानेले २२१, नेपाली कांग्रेसका प्रकाशचन्द्र दुवाडीले १३७ र नेकपा (एमाले) का मिलन गुरुङले ७९ मत प्राप्त गर्नुभएको छ ।

### मोरङ-३ रास्वपाका कार्कीको अग्रता

मोरङ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं ३ को मा रास्वपाका उम्मेदवार गणेश कार्की एक हजार ९२५ मतसहित अग्रस्थानमा रहनुभएको छ । निर्वाचन अधिकृतको कार्यालयका अनुसार नेपाली कांग्रेसका उम्मेदवार सुनीलकुमार शर्माले एक हजार ८१० मतसहित उहाँलाई पछ्याइरहनुभएको छ । यसैगरी, श्रम संस्कृति पार्टीका अमीर मगरले एक हजार ७७६ र एमालेका इरन राईले ४९० मत प्राप्त गर्नुभएको छ ।

### बैतडीमा रास्वपाको सुरुआती अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत बैतडीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सुरुआती अग्रता बनाएको छ ।

प्रारम्भिक मत परिणामअनुसार एक हजार मत गणना हुँदा रास्वपाका हरिमोहन भण्डारीले ३६८ मत ल्याउनुभएको छ । नेपाली कांग्रेसका उम्मेदवार चतुरबहादुर चन्दले २५८ मत प्राप्त गर्नुभएको छ । यस्तै नेकपा (एमाले) का उम्मेदवार दामोदर भण्डारीले १८७ र नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार परमानन्द भट्टले ११४ मत पाउनुभएको छ । एक मात्र निर्वाचन क्षेत्र रहेको जिल्लामा ७३ हजार १४८ मतदाताले मतदान गरेका थिए ।

### बागलुङ-१ मा रास्वपाका खड्काको सुरुआती अग्रता

बागलुङ प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका सुशील खड्काले सुरुआती अग्रता लिनुभएको छ ।

सहायक निर्वाचन अधिकृत पूर्णप्रसाद शर्माका अनुसार यहाँ दुई हजार २५५ मतगणना हुँदा खड्काले एक हजार १३८ मत ल्याउनुभएको छ भने नेपाली कांग्रेसका भीस श्रीसले ५२५ मत प्राप्त गर्नुभएको छ । यस्तै, नेकपा (एमाले) का हिराबहादुर केसीले ३४६, राष्ट्रिय जनमोर्चाका कृष्ण अधिकारीले ९१ मत र राप्रपाका कल्याण विक्रम आचार्यले १४ मत प्राप्त गर्नुभएको छ ।

### काठमाडौं-१० मा रास्वपाको अग्रता

निर्वाचन आयोगबाट प्राप्त पछिल्लो मतगणनाअनुसार काठमाडौँ निर्वाचन क्षेत्र नं १० राष्ट्रिय स्वतन्त्र पार्टीका प्रदीप विष्टले निकटम प्रतिद्वन्द्वीभन्दा अग्रता लिइरहनुभएको छ ।

हालसम्मको कुल सदर २६ हजार ७४३ मतमध्ये विष्टले १६ हजार ४३० मत प्राप्त गर्नुभएको छ भने दोस्रो स्थानमा रहेका नेपाली कांग्रेसका हिमाल कार्कीले चार हजार २१३ र तेस्रो स्थानमा रहेका एमालेका विनोद श्रेष्ठले दुई हजार ६७ मत प्राप्त गर्नुभएको छ ।

निर्वाचन अधिकृत अमृताकुमारी शर्माका अनुसार त्रिभुवन विश्वविद्यालय स्मृति भवनमा भइरहेको मतगणनामा अहिले कीर्तिपुर नगरपालिका-७ को मतगणना भइरहेको छ । काठमाडौँ-१० मा हालसम्म एक हजार १२७ मत बदर भएको छ । काठमाडौँ-१० मा कुल ६० हजार १५१ खसेको थियो ।

### झापाका पाँचै निर्वाचन क्षेत्रमा रास्वपाको अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत झापाका पाँचवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारले सुरुआती अग्रता लिएका छन् ।

निर्वाचन क्षेत्र नं ५ बाट राजस्वका उम्मेदवार बालेन्द्र शाहले पाँच हजार २५४ मतसहित अग्रता लिनुभएको छ । नेकपा (एमाले) का उम्मेदवार केपी शर्मा ओलीले एक हजार ५७९ मत प्राप्त गर्नुभएको छ ।यसैगरी क्षेत्र नं ४ मा शम्भुप्रसाद ढकालले एक हजार ७७५ मतसहित अग्रता लिनुभएको छ भने उहाँलाई नेकपा (एमाले) का लालप्रसाद साँवा लिम्बूले ३०० मतसहित पछ्याउँदै हुनुहुन्छ ।

यसैगरी क्षेत्र नं ३ मा प्रकाश पाठकले दुई हजार २८१ मतसहित सुरुआती अग्रता लिनुभएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार एवं सो पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन एक हजार ६१० मतसहित दोस्रो स्थानमा हुनुहुन्छ ।

क्षेत्र नं २ मा इन्दिरा रानामगरले चार हजार ५८० मतसहित सुरुआती अग्रता लिनुभएको छ भने नेकपा (एमाले)का देवराज घिमिरे ७१६ मतसहित प्राप्त गर्नुभएको छ । यस्तै क्षेत्र नं १ मा निशा डाँगीले तीन हजार १७० मतसहित अग्रता लिनुभएको छ । उहाँलाई श्रम संस्कृति पार्टीका केवल राईले एक हजार ३२० मतसहित पछ्याउँदै हुनुहुन्छ ।

### रुपन्देही-२ मा रास्वपाका खरेलले अग्रता बढाउदै

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणनाअनुसार रुपन्देही क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टीले अग्रता कायमै राखेको छ ।

निर्वाचन अधिकृतको कार्यालयले शुक्रबार अपराह्न ३:२५ बजेसम्मको सार्वजनिक मतगणना परिणामअनुसार पछिल्लो २७ हजार ६२३ मतगणना हुँदा सदर भएको २६ हजार ७९९ मतमध्ये रास्वपाका सुलभ खरेलले १८ हजार ५३९ मत प्राप्त गरी अग्रता कायम गर्नुभएको छ ।

यसैगरी, नेकपा एमालेका विष्णुप्रसाद पौडेलले तीन हजार ९९६ मत प्राप्त गर्नुभएको छ । त्यस्तै नेपाली कांग्रेसका चुन्नुप्रसाद पौडेलले दुई हजार ४५० मत प्राप्त गरी तेस्रो स्थानमा हुनुहुन्छ । उक्त निर्वाचन क्षेत्रमा कुल एक लाख ३५ हजार ५० मतदाता रहेकामा ८६ हजार ५१० मत खसेको थियो ।

### सिरहा-१ मा रास्वपाका गुप्तालाई अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत सिरहा-१ मा जारी मतगणनाको प्रारम्भिक परिणाममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार बब्लु गुप्ताले सुरुआती अग्रता लिनुभएको छ ।

निर्वाचन कार्यालयले शुक्रबार दिउँसो २:०० बजे सार्वजनिक गरेको विवरणअनुसार जम्मा एक हजार २१५ मतगणना हुँदा गुप्ताले ७७९ मत प्राप्त गर्नुभएको छ । निर्वाचन अधिकृत फडिन्द्रराज भट्टराईका अनुसार नेपाली कांग्रेसका रामसुन्दर चौधरीले २०२ मत प्राप्त गर्नुभएको छ । त्यस्तै, नेकपा (एमाले) का रामशङ्कर यादवले १२७ मत प्राप्त गर्नुभएको छ । उक्त निर्वाचन क्षेत्रमा कुल एक लाख ११ हजार ९४९ मतदाता रहेकामा ७० हजार ७६५ मत खसेको थियो । सो क्षेत्रमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी जम्मा ३२ उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

### रूपन्देही-५ मा रास्वपाका खानको अग्रता

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणनाअनुसार रुपन्देही क्षेत्र नं ५ मा राष्ट्रिय स्वतन्त्र पार्टीले अग्रता कायमै राखेको छ ।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार १० हजार ४१४ मतगणना हुँदा रास्वपाका तौफिक अहमद खान पाँच हजार ८८ मत प्राप्त गरी अग्रस्थानमा हुनुहुन्छ । यसैगरी नेकपा (एमाले) का खिमलाल भट्टराइले एक हजार ७३४ तथा नेपाली कांग्रेसका भरतकुमार शाहले एक हजार ४२८ मत प्राप्त गर्नुभएको छ ।

यस्तै नेपाल कम्युनिष्ट पार्टीका मोहम्मद वकिल मुसलमानले एक हजार १५० मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । उक्त निर्वाचन क्षेत्रमा कुल एक लाख ३४ हजार ४४२ मतदाता रहेकामा ८१ हजार ३५ मत खसेको थियो ।

### दाङका तीनवटै निर्वाचन क्षेत्रमा रास्वपा अगाडि

प्रतिनिधिसभा सदस्य निर्वाचनमा दाङका तीनवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीको अग्रता रहेको छ । निर्वाचन क्षेत्र नं १ मा १२ हजार ४०७ मतगणना गर्दा रास्वपाका देवराज पाठक सात हजार ३७० मत प्राप्त गर्नुभएको छ ।

यहाँ नेपाली कांग्रेसका योगेन्द्र चौधरीले दुई हजार २२९, नेकपा (एमाले) का रेवतीरमण शर्माले ७८९ र नेपाली कम्युनिष्ट पार्टीका मेटमणि चौधरीले ८४६ मत प्राप्त गर्नुभएको छ । यसैगरी, क्षेत्र नं २ मा तीन हजार ९१५ मतगणना हुँदा रास्वपाका विपिनकुमार आचार्यले दुई हजार ४२९ मत प्राप्त गर्नुभएको छ । यहाँ नेपाली कांग्रेसका किरणकिशोर घिमिरेले ३८७, नेकपा (एमाले) का शङ्कर पोखरेलले ५३८ र नेपाली कम्युनिष्ट पार्टीका निर्मल आचार्यले २१३ मत प्राप्त गर्नुभएको छ ।

यसैगरी, दाङ निर्वाचन क्षेत्र नं ३ मा तीन हजार ८४ मतगणना हुँदा रास्वपाका कमल सुवेदीले एक हजार ५४० मत प्राप्त गर्नुभएको छ । यहाँ नेपाली कांग्रेसका दिपक गिरीले ८८१, एमालेका घनश्याम पाण्डेयले ३८५ र नेपाली कम्युनिष्ट पार्टीका धनबहादुर मास्कीले ११९ मत प्राप्त गर्नुभएको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी गेहेन्द्र कुँवरले जानकारी दिनुभयो ।रासस

# नाबालिगका लागि पोर्न साइट बन्द




एएफपी

सिड्नी । अस्ट्रेलियाले बालबालिकालाई अनलाइन अश्लील सामग्रीबाट जोगाउन कडा कदम चाल्दै १८ वर्षभन्दा कम उमेरका प्रयोगकर्तालाई पोर्न वेबसाइट पहुँच बन्द गर्न बाध्य पार्ने नयाँ नियम सोमबारदेखि लागू गर्ने जनाएको छ।
अस्ट्रेलियाको अनलाइन सुरक्षा नियामकका अनुसार नयाँ व्यवस्था अन्तर्गत पोर्न वेबसाइटहरूमा पहुँच गर्नुअघि प्रयोगकर्ताले आफ्नो उमेर प्रमाणित गर्नुपर्नेछ। अब 'म १८ वर्षभन्दा माथिको हुँ' भन्ने बटन मात्र क्लिक गर्नु पर्याप्त नहुने स्पष्ट गरिएको छ।

नियम लागू हुनुअघि नै केही अस्ट्रेलियाली वेबसाइटहरूले गैर-सदस्य प्रयोगकर्तालाई पहुँच बन्द गर्न थालेका छन् भने कतिपयले नयाँ दर्ता नै स्वीकार गर्न छोडेका छन्। यी साइटहरूले कम उमेरका प्रयोगकर्तालाई रोक्न उमेर प्रमाणीकरण प्रविधि प्रयोग गर्नुपर्नेछ।नयाँ व्यवस्था अस्ट्रेलियाले यसअघि लागू गरेको अनलाइन बाल सुरक्षा नीतिको विस्तार हो। सरकारले गत डिसेम्बर १० देखि १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई सामाजिक सञ्जाल प्लेटफर्ममा सहभागी हुन प्रतिबन्ध लगाएको थियो।

अनलाइन सुरक्षा आयुक्त जुली इनम्यान ग्रान्टका अनुसार यो कदम बालबालिकालाई पोर्नोग्राफी, अत्यधिक हिंसात्मक सामग्री, आत्महत्या सम्बन्धी सामग्री र खानपान विकारसँग जोडिएका हानिकारक सामग्रीबाट जोगाउनका लागि लिइएको हो।नियम पोर्न वेबसाइटमा मात्र सीमित छैन। खोज इन्जिन, एप स्टोर, अनलाइन गेमिङ सेवा तथा च्याटबटसहितका जेनेरेटिभ कृत्रिम बौद्धिकता प्रणालीहरूलाई पनि उमेर नियन्त्रणसम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ।

इनम्यान ग्रान्टका अनुसार कम्पनीहरूले नियम उल्लङ्घन गरेमा प्रति उल्लङ्घन चार करोड ९५ लाख अस्ट्रेलियाली डलर (करिब तीन करोड ५० लाख अमेरिकी डलर) सम्म जरिवाना हुन सक्छ।उहाँले समाजले लामो समयदेखि बालबालिकालाई जोखिमपूर्ण स्थानबाट जोगाउन उमेर सीमा आवश्यक मान्दै आएको उल्लेख गर्नुभयो। "हामी बच्चाहरूलाई बार, मदिरा पसल, वयस्क पसल वा क्यासिनोमा प्रवेश गर्न दिँदैनौँ। तर उनीहरूले धेरै समय बिताउने अनलाइन संसारमा त्यस्तो सुरक्षा निकै कमजोर छ", उहाँले भन्नुभयो।

नयाँ नियम लागू भएपछि प्राविधिक कम्पनीहरूले आफ्ना सेवामा समान मापदण्ड लागू गर्नुपर्नेछ, ताकि बालबालिका गल्तीले पनि हानिकारक सामग्रीमा नपरोस्।यसअन्तर्गत यौन स्पष्ट, हिंसात्मक वा आत्म-हानि सामग्री उत्पादन गर्न सक्ने एआई च्याटबटहरूले प्रयोगकर्ताको उमेर पुष्टि गर्नुपर्नेछ। एप स्टोर र अनलाइन गेमिङ साइटहरूले पनि १८ वर्षभन्दा कम उमेरका प्रयोगकर्तालाई वयस्क सामग्रीबाट रोक्नुपर्नेछ।

# तेहरानमा भीषण आक्रमण, युद्ध सातौँ दिनमा



एएफपी

तेहरान । इजरायलले इरानविरुद्ध सुरु भएको युद्धलाई 'नयाँ चरण' मा प्रवेश गराएको बताउँदै शुक्रबार राजधानी तेहरानमा ठूलो आक्रमण गरेको खबर सार्वजनिक भएको छ। युद्ध सातौँ दिनमा पुगेको बेला दुवै पक्षबाट आक्रमण र प्रतिआक्रमण तीव्र बनेका छन् भने यसको प्रभाव मध्यपूर्वका अन्य देशहरूमा पनि फैलिएको देखिएको छ।

इरानी सञ्चारमाध्यमका अनुसार शुक्रबार बिहान तेहरानमा शक्तिशाली विस्फोटसहित आक्रमण भएका छन्। इजरायलले त्यसअघि राजधानीमा 'शासन पूर्वाधार' लक्षित गरी प्रहार गर्ने घोषणा गरेको थियो।

इजरायली सेनाका प्रमुख लेफ्टिनेन्ट जनरल इयाल जमीरले अमेरिका-इजरायल संयुक्त अभियान अब अर्को चरणमा पुगेको र यसले इरानको शासन संरचना तथा सैन्य क्षमतामाथि थप आक्रमण गर्ने चेतावनी दिनुभएको थियो। उहाँले अझै थप 'अप्रत्याशित कदम' आउन सक्ने सङ्केत पनि गर्नुभएको छ।

अमेरिकी रक्षामन्त्री पीट हेग्सेथले पनि इरान र तेहरानमाथि प्रयोग गरिने सैन्य शक्ति नाटकीय रूपमा बढ्ने बताउनुभएको छ। यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको नेतृत्व परिवर्तनको विषयमा आफू संलग्न हुनुपर्ने बताउनुभएको छ। अमेरिका-इजरायलको प्रारम्भिक आक्रमणमा इरानका सर्वोच्च नेता आयातुल्ला अली खामेनी मारिएपछि नयाँ नेतृत्वको विषय चर्किएको छ।

ट्रम्पले खामेनीका छोरा मोज्तावा खामेनी सम्भावित उत्तराधिकारी हुन सक्ने अनुमान अस्वीकार गर्दै उहाँलाई 'हल्का वजन' भएको टिप्पणी गर्नुभएको छ। उहाँले इरानमा 'सद्भाव र शान्ति ल्याउने' नेतृत्व आवश्यक रहेको उल्लेख गर्नुभयो।द्वन्द्वको प्रभाव इजरायल र लेबनानसम्म फैलिएको छ। इरान समर्थित हिजबुल्लाहले क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलले लेबनानमा हवाई आक्रमण गरेको छ। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार ती आक्रमणमा कम्तीमा १२३ जनाको मृत्यु भएको छ। बेरुतका दक्षिणी उपनगरहरूबाट दशौँ हजार मानिस विस्थापित भएका छन् र धेरै परिवार समुद्र तटमा अस्थायी रूपमा बस्न बाध्य भएका छन्।

समुद्र तटमा आश्रय लिइरहेका ६१ वर्षीय युसेफले आफू सन् २०२४ को युद्धपछि दोस्रो पटक विस्थापित भएको बताउनुभयो। उहाँका अनुसार यस्तो अवस्थामा कसले बाँच्ने भन्ने निर्णय 'भाग्य' ले गर्ने जस्तो लाग्छ। आफ्नो परिवारलाई सुरक्षाका लागि सिरिया पठाएको र आफैँ घर फर्कने कि नफर्कने भन्ने दुविधामा रहेको उहाँले बताउनुभयो। "किन यस्तो युद्ध ?" भन्ने प्रश्न उहाँले निराश हुँदै उठाउनुभयो।

तेहरानमा भने आक्रमणबीच पनि केही स्थानमा सामान्य जीवनका दृश्य देखिएका छन्। बच्चाहरू बेलुनसँग खेलिरहेका र अभिभावकहरूले आफ्ना बालबालिकासँग साना सवारी चलाइरहेका दृश्य देखिए पनि सादा पोसाकमा सुरक्षा अधिकारीहरू सडकमा सक्रिय देखिएका छन्। स्थानीय एक इन्जिनियरका अनुसार सुरक्षा बलहरूले सडकमा गस्ती गर्दै मानिसहरूको फोन जाँच गर्ने र डरको वातावरण सिर्जना गर्ने काम गरिरहेका छन्।

यसैबीच देशभर इन्टरनेट सेवा लगभग ठप्प भएको छ। निगरानी संस्था नेटब्लक्सका अनुसार इरानमा इन्टरनेट कनेक्टिभिटी सामान्य अवस्थाको करिब एक प्रतिशत मात्र रहेको छ। अधिकारीहरूले नागरिकलाई भिपिएन प्रयोग नगर्न चेतावनी दिएका छन्।तेहरानबाट बाहिरिएका युगान्डाका विद्यार्थी ओस्कार नाइगेमाले आक्रमणका क्रममा सहरभरि त्रास फैलिएको बताउनुभयो। उहाँका अनुसार विस्फोटका कारण जमिन नै थर्किएको महसुस भएको थियो र धेरै मानिसहरू अत्यन्त डराएका थिए।

यसबीच इरानले पनि इजरायल र खाडी क्षेत्रका केही लक्ष्यतर्फ प्रतिआक्रमण गरेको जनाएको छ। कतारले आफ्नो हवाई प्रतिरक्षा प्रणालीले अल-उदेदस्थित अमेरिकी हवाई अड्डालाई लक्षित ड्रोन आक्रमण विफल पारेको जनाएको छ। बहराइनले राजधानीमा होटल र दुई आवासीय भवन लक्षित आक्रमण भएको तर कुनै मानवीय क्षति नभएको बताएको छ भने साउदी अरेबियाले तीनवटा ब्यालेस्टिक क्षेप्यास्त्र रोकेको जनाएको छ।युद्ध सुरु भएदेखि खाडी क्षेत्रका देशहरूमा १३ जनाको मृत्यु भएको छ, जसमा सात जना सर्वसाधारण रहेका छन्। मृतकमध्ये कुवेतकी ११ वर्षीया बालिका पनि रहेको जनाइएको छ।

द्वन्द्वको असर मध्यपूर्व बाहिर पनि देखिएको छ। श्रीलङ्काको तट नजिक अमेरिकी पनडुब्बीले एक इरानी युद्धपोतलाई टारपीडो गरेको खबर आएको छ भने अजरबैजानले आफ्नो विमानस्थलमा ड्रोन आक्रमण भएपछि प्रतिशोधको चेतावनी दिएको छ।एक इरानी राज्य सञ्चालित फाउन्डेसनले अमेरिका र इजरायलका आक्रमणबाट इरानमा एक हजार २३० जनाको मृत्यु भएको दाबी गरेको छ, तर यो तथ्य स्वतन्त्र रूपमा पुष्टि हुन सकेको छैन। अमेरिकी सेनाले भने युद्ध सुरु भएदेखि आफ्ना छ सैनिक मारिएको जनाएको छ भने इजरायलमा कम्तीमा ११ जनाको मृत्यु भएको छ।

इरानले भने युद्धविरामप्रति असहमति जनाएको छ। इरानी विदेशमन्त्री अब्बास अराघचीले अमेरिकासँग वार्ता गर्नुपर्ने कुनै कारण नदेखिएको बताउनुभयो। उता अमेरिकी रक्षामन्त्री हेग्सेथले अमेरिकी हतियारको अभाव नरहेको भन्दै युद्ध जारी रहने सङ्केत दिनुभयो।तर मध्यपूर्वमा अमेरिकी सेनाको कमान्ड सम्हाल्ने सेन्ट्रल कमान्डका प्रमुख एडमिरल ब्राड कुपरका अनुसार इरानबाट हुने आक्रमण क्रमशः घट्दै गएको छ। उहाँले युद्ध सुरु भएको पहिलो दिनको तुलनामा ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमण ९० प्रतिशत र ड्रोन आक्रमण ८३ प्रतिशतले घटेको बताउनुभयो।

युद्धले विश्व बजारमा पनि प्रभाव पारेको छ। ऊर्जा आपूर्ति र अन्तर्राष्ट्रिय यात्रा प्रभावित भएका छन्। तेलको मूल्यमा हाल केही स्थिरता देखिए पनि धेरै एसियाली सेयर बजारहरू शुक्रबार घटेका छन्।

यसैबीच इरानले होर्मुज जलडमरूमध्यमा आफ्नो नियन्त्रण रहेको बताएको छ। त्यहाँबाट विश्वको ठूलो हिस्सा ऊर्जा आपूर्ति हुन्छ। वासिङ्टनले भने आवश्यक परेमा जहाजहरूलाई सुरक्षा दिँदै आवतजावत गराउने जनाएको छ।

# उडान ट्याक्सीतर्फ चीनको अर्को कदम



एपी

कुन्सान। चीनमा विकास भइरहेको ठूलो विद्युतीय विमान 'म्याट्रिक्स' ले भविष्यमा उडान ट्याक्सी सेवा कस्तो देखिन सक्छ भन्ने सङ्केत दिएको छ। दक्षिणपूर्वी चिनियाँ सहर कुन्सानमा परीक्षण भइरहेको यो १० यात्रु क्षमताको विद्युतीय विमानलाई चीनमा हालसम्म निर्माण गरिएको सबैभन्दा ठूलो सिधै माथि उड्न र सिधै अवतरण गर्न सक्ने (इभिटिओएल) विद्युतीय विमान मानिन्छ। साङ्घाई बन्दरगाहबाट करिब ६० किलोमिटर पश्चिममा रहेको कुन्सानस्थित एक ह्याङ्गरमा हालै यस विमानको प्रदर्शन गरिएको थियो। विशाल ड्रोनजस्तै देखिने 'म्याट्रिक्स' करिब पाँच टन तौलको इभिटिओएल विमान हो, जसले भविष्यमा सहरभित्रको हवाई ट्याक्सी सेवाको सम्भावनालाई सङ्केत गरेको छ।

सन् २०१७ मा स्थापना भएको चिनियाँ कम्पनी अटोफ्लाइटले यो विमान विकास गरेको हो। कम्पनीका अनुसार म्याट्रिक्सले एकपटकमा १० जनासम्म यात्रु बोक्न सक्छ। यसको पखेटाको फैलावट करिब २० मिटर (लगभग ६६ फिट) छ भने विमानको लम्बाइ १७.१ मिटर र उचाइ ३.३ मिटर रहेको छ। पूर्ण रूपमा चार्ज गरिएको अवस्थामा यसले करिब एक घन्टासम्म उडान भर्न सक्ने क्षमता राख्छ।अटोफ्लाइटले एसोसिएटेड प्रेसका लागि आफ्नो कम उचाइ उडान परीक्षण केन्द्रमा यसको प्रत्यक्ष उडान प्रदर्शन पनि गराएको थियो। चिसो दिनमा गरिएको उक्त प्रदर्शनमा कर्मचारीहरूले म्याट्रिक्सलाई ह्याङ्गरबाट हेलिप्याडमा सारेपछि उडानका लागि तयारी गरिएको थियो। प्रोपेलरहरू सुरु गरिएपछि केही मिनेटसम्म प्रणालीको जाँच गरियो। सबै उपकरण ठीक रहेको पुष्टि भएपछि विमान विस्तारै आकाशतर्फ उड्न थाल्यो। यसको आवाज सुनिन्थ्यो तर सामान्य हेलिकप्टरको तुलनामा कम थियो। करिब १० मिनेटसम्म उडान भरेपछि र हेलिपोर्ट वरिपरि दुई चक्कर लगाएपछि म्याट्रिक्स सहज रूपमा फर्किएर सुरक्षित अवतरण गरेको थियो।यद्यपि यस्तो प्रविधि व्यापक रूपमा प्रयोगमा आउन अझै केही समय लाग्ने देखिन्छ। अटोफ्लाइटका वरिष्ठ उपाध्यक्ष स्टिभन याङका अनुसार उडान ट्याक्सी वास्तविक सेवाका रूपमा कहिले सञ्चालनमा आउला भन्ने प्रश्नको स्पष्ट उत्तर दिन अहिले कठिन छ।

उहाँले कम्पनीसँग पहिले नै दुई टन क्षमताको यात्रुवाहक इभिटिओएल विमान तयार भइसकेको तर आवश्यक प्रमाणीकरण प्रक्रियाको प्रतीक्षामा रहेको जानकारी दिनुभयो। अटोफ्लाइटले सन् २०२७ सम्म नियामक निकायबाट 'टाइप प्रमाणपत्र' प्राप्त गर्ने अपेक्षा गरेको उहाँले बताउनुभयो। यस्तो प्रमाणपत्रले विमानको डिजाइनले सुरक्षा मापदण्ड पूरा गरेको पुष्टि गर्छ। तर यात्रु बोकेर सञ्चालन गर्न 'अपरेटर प्रमाणपत्र' लगायत अन्य स्वीकृतिहरू पनि आवश्यक पर्नेछन्।हाल म्याट्रिक्स अझै प्रोटोटाइपकै चरणमा रहेको छ। चीनका अन्य केही कम्पनीहरूले पनि इभिटिओएल विमान विकास गरिरहेका छन्। गुआङ्गडोङ प्रान्तमा आधारित एहाङ कम्पनीले विकास गरेको विमानलाई व्यावसायिक यात्रु सेवा सञ्चालनका लागि अधिकारीहरूले प्रमाणीकरण प्रदान गरिसकेका छन्, तर व्यावहारिक सेवा अझै सुरु भएको छैन।


विशेषज्ञहरूका अनुसार यस्तो उडान ट्याक्सी सेवा सञ्चालन गर्न अनुमति मात्र पर्याप्त हुँदैन। त्यसका लागि आवश्यक पूर्वाधार, उडान मार्ग, सुरक्षा प्रणाली र सञ्चालन व्यवस्थापन पनि तयार हुनुपर्छ।चीनले पछिल्लो समय 'कम-उचाइ अर्थतन्त्र' नामक अवधारणालाई अघि बढाइरहेको छ। यसअन्तर्गत ड्रोन तथा साना उडान उपकरणहरूको प्रयोग विस्तार भइरहेको छ। उदाहरणका लागि, दक्षिणी सहर सेन्जेनमा अहिले नै ड्रोनमार्फत खाना डेलिभरी सेवा सञ्चालन भइरहेको छ।

न्याटिक्सिस कर्पोरेट एन्ड इन्भेस्टमेन्ट बैंकिङका वरिष्ठ अर्थशास्त्री ग्यारी एन्गाले उडान ट्याक्सी उद्योगको विकासलाई नजिकबाट अध्ययन गरिरहनुभएको छ। उहाँका अनुसार चीनले सुरक्षा सुनिश्चितता, आवश्यक पूर्वाधार निर्माण तथा उडान मार्ग व्यवस्थापन जस्ता चुनौतीहरू पार गर्नुपर्नेछ।

उहाँले प्रविधि मात्र पर्याप्त नभएको उल्लेख गर्दै यससँग सम्बन्धित सम्पूर्ण इकोसिस्टम अझै पूर्ण रूपमा विकसित भइनसकेको बताउनुभयो। उहाँका अनुसार व्यावहारिक रूपमा यस्तो सेवा देखिन कम्तीमा पनि थप तीन वर्ष लाग्न सक्छ।

यद्यपि म्याट्रिक्सको परीक्षण उडान हेर्दा भविष्यमा सहरमाथि यस्ता विद्युतीय विमानहरू देखिने सम्भावना भने स्पष्ट देखिन्छ। अटोफ्लाइटका याङका अनुसार विद्युतीय उडान ट्याक्सी अन्ततः वास्तविकतामा परिणत हुने विश्वास कम्पनीलाई छ।

# सुरक्षा र खनिज साझेदारीमा केन्द्रित कार्नीको जापान भ्रमण



एएफपी

टोकियो। इन्डो-प्यासिफिक क्षेत्रमा सुरक्षा सहकार्य, साइबर जोखिम र महत्त्वपूर्ण खनिज आपूर्तिबारे छलफल गर्न क्यानाडाका प्रधानमन्त्री मार्क कार्नी शुक्रबार जापान पुग्नुभएको छ। टोकियोमा उहाँले जापानी समकक्षी साने ताकाइचीसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ।जापानी सञ्चारमाध्यमहरूका अनुसार दुवै देश चिनियाँ र रूसी स्रोतबाट हुने साइबर आक्रमणसम्बन्धी खुफिया जानकारी थप आदान-प्रदान गर्ने, संयुक्त सैन्य अभ्यासलाई विस्तार गर्ने तथा महत्त्वपूर्ण खनिजहरूको सुरक्षित आपूर्तिका लागि सहकार्य बढाउने विषयमा केन्द्रित हुने अपेक्षा गरिएको छ।

कार्नी अस्ट्रेलियाको भ्रमण सकेर जापान आइपुग्नुभएको हो। क्यानबेरामा उहाँले इरानमाथि भएको अमेरिकी-इजरायली आक्रमण 'अन्तर्राष्ट्रिय कानूनसँग असङ्गत देखिएको' बताउनुभएको थियो, तर तेहरानलाई आणविक हतियार हासिल गर्न नदिन गरिएका प्रयासलाई भने समर्थन गर्नुभएको थियो।यसअघि जनवरीमा स्विट्जरल्यान्डको डाभोसमा भएको बैठकमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा विश्वले 'विघटनतर्फ उन्मुख अवस्था' देखिरहेको टिप्पणी गर्दै कार्नीले क्यानबेरामा 'मध्यम शक्तिहरू' बीच अझ घनिष्ठ सहकार्य आवश्यक रहेको बताउनुभएको थियो।

नियममा आधारित अन्तर ष्ट्रिय व्यवस्थाको बलियो समर्थक मानिने जापानका लागि पनि इरानसँग सम्बन्धित युद्धले जटिल परिस्थिति सिर्जना गरेको छ। जापान अमेरिकाको नजिकको सहयोगी राष्ट्र हो र यहाँ करिब ६० हजार अमेरिकी सैनिक तैनाथ छन्। यस क्षेत्रमा चीनले आफ्नो प्रभाव विस्तार गर्दै जाँदा टोकियोले सुरक्षा मामिलामा अमेरिकी सहयोगमा निर्भर रहँदै आएको छ।

विश्वको चौथो ठूलो अर्थतन्त्र जापान तेल आयातका हिसाबले पाँचौँ स्थानमा पर्छ। उसले आयात गर्ने तेलको करिब ७० प्रतिशत होर्मुज जलडमरूमध्य हुँदै आउने भएकाले उक्त मार्गमा उत्पन्न अवरोधले जापानलाई प्रत्यक्ष असर पार्ने सम्भावना रहेको छ।प्रधानमन्त्री ताकाइचीले आगामी मार्च १९ मा वासिङ्टनमा अमेरिकी राष्ट्रपति ट्रम्पसँग हुने वार्तामा युद्धसम्बन्धी विषयमा 'स्पष्ट छलफल' गर्ने योजना रहेको बताउनुभएको छ।

ताइवानसम्बन्धी सम्भावित परिस्थितिमा जापानको भूमिकाबारे ताकाइचीले गत नोभेम्बरमा टिप्पणी गर्नुभएको थियो। त्यसपछि जापान-चीन सम्बन्धमा केही चिसोपन आएको बताइएको छ। चिनियाँ पर्यटकको सङ्ख्या घटेको छ भने 'दोहोरो प्रयोग' हुन सक्ने केही सामानहरूमा व्यापार प्रतिबन्ध पनि लगाइएको छ। यद्यपि बेइजिङले हालसम्म जापानलाई प्रत्यक्ष ठूलो नोक्सान पुग्ने कठोर कदम भने चालेको छैन।

यसैबीच, चीन र क्यानाडाबीचको सम्बन्ध भने पछिल्ला महिनाहरूमा केही सहज हुँदै गएको छ। कार्नीले जनवरीमा चीन भ्रमण गरेर व्यापार सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो, जसले वर्षौंदेखि चल्दै आएको गिरफ्तारी र कर विवादपछि सम्बन्ध सुधार्ने सङ्केत दिएको थियो।जापानसहित भारतलाई समेटिएको कार्नीको हालको भ्रमणलाई क्यानाडाले आफ्नो दक्षिणी छिमेकी संयुक्त राज्य अमेरिकामाथिको अत्यधिक निर्भरता घटाउने रणनीतिक प्रयासका रूपमा पनि हेरिएको छ।

टोकियो विश्वविद्यालयका अन्तर्राष्ट्रिय सुरक्षा विषयका प्राध्यापक यी कुआङ हेङका अनुसार जापान क्यानाडाका लागि 'मेनुमा नभई टेबलमै रहने' साझेदार बन्ने कार्नीको इच्छासँग मेल खाने स्वाभाविक देश हो। उहाँका अनुसार दुवै देशले ताइवान स्ट्रेट हुँदै हुने नौसेना आवागमनसम्बन्धी समन्वय र पश्चिमी तथा उत्तरी प्रशान्त क्षेत्रमा भइरहेका रूसी-चिनियाँ बमवर्षक गस्तीबारे जानकारी आदान-प्रदान तथा निगरानीका विषयमा पनि छलफल गर्न सक्ने बताइएको छ।

यसका अतिरिक्त क्यानाडाले जापान, इटाली र बेलायतबीच संयुक्त रूपमा विकास भइरहेको 'ग्लोबल कम्ब्याट एयर प्रोग्राम (जिसिएपी)' अन्तर्गत तयार हुने भविष्यका लडाकू विमान खरिदमा सम्भावित चासो पनि देखाउन सक्ने विश्लेषकहरूको भनाइ छ।प्रधानमन्त्री कार्नीको यो भ्रमण छोटो रहनेछ। उहाँ शनिबार क्यानाडा फर्कने कार्यक्रम रहेको छ।

# इथियोपियाको ओरोमियामा विद्रोहीमाथि सामूहिक बलात्कारको आरोप

एएफपी

आदिस अबाबा । इथियोपियाको ओरोमिया क्षेत्रमा सक्रिय विद्रोही समूहका लडाकूहरूमाथि सन् २०२० देखि २०२४ बीच महिला र बालिकाहरूविरुद्ध सामूहिक बलात्कार, यौन दासत्व र संक्षिप्त हत्या जस्ता गम्भीर अत्याचार गरेको आरोप अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनलले लगाएको छ।

शुक्रबार सार्वजनिक गरिएको प्रतिवेदनमा एम्नेस्टीले इथियोपियाको सबैभन्दा ठूलो र जनसङ्ख्या धेरै भएको ओरोमिया क्षेत्रमा नागरिकहरू विशेष गरी महिला र बालिकामाथि व्यापक यौन हिंसा भएको जनाएको छ। ओरोमिया देशको करिब एक तिहाइ भूभागमा फैलिएको क्षेत्र हो जहाँ करिब चार करोड मानिस बसोबास गर्छन्। यहाँ सन् २०१८ देखि इथियोपियाली सरकारी सेना र विद्रोही समूह ओरोमो लिबरेसन आर्मी (ओएलए) बीच सङ्घर्ष जारी छ।

एम्नेस्टीले ओरोमियाका दुई जिल्लामा यौन हिंसाबाट बचेका १० जनासँग अन्तर्वार्ता लिएको थियो। तीमध्ये सात जना आक्रमणको समयमा नाबालिग रहेका थिए। अनुसन्धानका क्रममा स्वास्थ्यकर्मीहरूसँग पनि कुराकानी गरिएको थियो।प्रतिवेदनअनुसार नौ जना पीडितमाथि ओएलए लडाकूहरूले हमला गरेका थिए भने एक जनाले इथियोपियाली सेना र ओएलए दुवै पक्षबाट हिंसा भोगेको बताएका छन्। पाँच जनालाई केही समय यौन दासत्वमा राखिएको थियो भने दुई जना महिला आफूहरूले



भोगेको अत्याचारका कारण गर्भवती भएका थिए।

एम्नेस्टीले उद्धृत गरेको एक पीडित आमाले तीन हप्तासम्म आफू र आफ्नी छोरीलाई निरन्तर बलात्कार गरिएको बताएकी छन्। "तीन हप्तासम्म १५ जना पुरुषले मेरो बच्चा र मलाई बलात्कार गरे। उनीहरूले पालैपालो गरेर अत्याचार गरे", उनले भनेकी छन्।
प्रतिवेदनमा आमा र छोरीलाई तीन हप्तासम्म बन्दी बनाएर राखिएको उल्लेख छ। उनीहरूको हात रूखमा बाँधेर राखिएको र त्यस क्रममा धेरै पुरुषहरूले उनीहरूमाथि बलात्कार गरेको एम्नेस्टीले जनाएको छ।

एम्नेस्टीका पूर्वी र दक्षिणी अफ्रिका क्षेत्रीय निर्देशक टिगेरे चागुटाहका अनुसार सञ्चार सेवा बन्द गरिएकाले यस्ता घटनाहरू बाहिरी संसारसम्म पुग्न कठिन भएको थियो। उहाँले भन्नुभयो, "यी कायरतापूर्ण कार्यहरू आंशिक रूपमा सञ्चार अवरोधका कारण सम्भव बने, जसले नागरिकविरुद्ध भइरहेका निरन्तर अत्याचारलाई बाहिरी संसारबाट लुकाइदियो।"

उहाँका अनुसार यस्ता बारम्बारका दुर्व्यवहारहरू अत्यन्त भयावह मात्र नभई अन्तर्राष्ट्रिय कानूनअनुसार युद्ध अपराधको श्रेणीमा पर्न सक्ने सम्भावना पनि छ।पीडित महिलाहरूले आफूहरूलाई सरकारी सेनामा पति, बुबा वा दाजुभाइ रहेको भन्दै प्रतिशोधस्वरूप ओएलए लडाकूहरूले बलात्कार गरेको विश्वास व्यक्त गरेका छन्। एक महिलाले आफूलाई जोगाउने प्रयास गर्दा उनका पतिको हत्या गरिएको बताएकी छन्।चागुटाहका अनुसार यी घटनाहरू 'दण्डहीनताको वातावरण' मा घटेका हुन्। उहाँले प्रतिवेदनले सम्बन्धित निकायहरूलाई सचेत गराउने र कारबाहीका लागि दबाब सिर्जना गर्ने अपेक्षा गरिएको बताउनुभयो।

करिब १३ करोड जनसङ्ख्या भएको इथियोपिया हाल विभिन्न सशस्त्र द्वन्द्वले प्रभावित छ।

# खाडीबाट १७ लाख नेपाली ओसार्न स्वदेशी वायुसेवालाई लाग्छ १९ महिना

काठमाण्डु । इजरायल-अमेरिका र इरानबीच बढ्दो हवाई आक्रमण तथा प्रत्याक्रमणले पश्चिम एसिया तनावग्रस्त बनेको छ । इरानले अमेरिकी सैन्य बेस लक्षित गरी आक्रमण गरिरहेको अवस्थामा खाडी तथा वरपरका मुलुकमा रहेका १७ लाख २९ हजार नेपालीको सुरक्षाप्रति चासो र चिन्ता बढेको छ ।



परराष्ट्र मन्त्रालयका अनुसार यूएई, साउदी अरेबिया, कतार, कुवेत, इराक, बहराइन, ओमान, साइप्रस, इजरायल, लेबनान, इजिप्ट र इरानमा १७ लाख २९ हजार २८८ नेपाली छन् । जसमा श्रम स्वीकृति नलिई गएका तथा कागजातविहिन भएकाहरूको संख्या जोडिएको छैन । यो संख्या पनि लाखौंमा हुनसक्छ । यदि युद्ध चर्कियो र ती देशहरू प्रत्यक्ष प्रभावमा परे, एकै पटक यति ठूलो संख्यामा उद्धार सम्भव हुन्छ कि हुँदैन भन्ने प्रश्न उठेको छ ।

**नेपालको क्षमता कति ?**

नेपालबाट तीन वायुसेवा कम्पनी (नेपाल एयरलाइन्स, हिमालय एयरलाइन्स र बुद्ध एयर) ले अन्तर्राष्ट्रिय उडान गर्छन् । तीमध्ये नेपाल एयरलाइन्स र हिमालयसँग मात्र खाडी मुलुकसम्म सिधा उडान गर्न सक्ने क्षमता छ । यी दुई कम्पनीसँग अन्तर्राष्ट्रिय उडानका चार/चार जहाज छन् ।तीमध्ये नेपाल एयरलाइन्ससँग दुई न्यारोबडी र दुई वाइडबडी जहाज छन् । हिमालयसँग सबै न्यारोबडी जहाज छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको तथ्यांक अनुसार नेपाल एयरलाइन्सले जनवरी २०२६ मा ५४ हजार ३९८ यात्रु बोकेको छ ।

हिमालयले एक महिनामा ३५ हजार ५४ यात्रुलाई सेवा दिएको छ । अर्थात यी दुई स्वदेशी वायुसेवा कम्पनीसँग महिनामा ८९ हजार यात्रुलाई मात्र सेवा दिन सक्ने क्षमता छ । जनवरीको तथ्यांकलाई आधार मान्ने हो भने सरकारले खाडी मुलुकमा रहेका १७ लाख २९ हजार नेपालीलाई ल्याउन स्वदेशी जहाज प्रयोग गर्नुपर्ने भयो भने क्षमताले १९ महिना भन्दा बढी महिना लाग्ने देखिन्छ ।हाल नेपालबाट स्वदेशीबाहेक अन्य २७ वटा एयरलाइन्सले समेत सेवा प्रदान गर्दै आएका छन् ।

**दूतावासविना उद्धार सम्भव छैन : एनआरएनए**

युद्धरत देशहरूमा रहेका नेपालीहरूको सुरक्षा, सरकारसँग समन्वय तथा सहकार्यका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए) को महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । कोभिडको समय होस्, वा भूकम्पको बेला होस्, एनआरएनएले महत्त्वपूर्ण भूमिका निवार्ह गर्दै आएको छ ।एनआरएनको भूमिकालाई नेपाल सरकारले समेत महत्त्वपूर्ण मान्दै आएको छ । अहिले युद्ध चर्किंदै गयो भने सरकारले एनआरएनए मार्फत समेत नेपालीलाई राहत तथा उद्धारका लागि सहयोग माग्न सक्ने छ । त्यसका लागि एनआरएनए र परराष्ट्रमन्त्रीबीच भेटघाट समेत भएको छ ।

एनआरएनएले समेत उनीहरूको सुरक्षा, उद्धार तथा राहतका विषयमा सरकारको ध्यानाकर्षण गराएको छ । एनआरएनए मध्यपूर्व संयोजक रमेश श्रेष्ठले उद्धार कार्य दूतावास र नेपाल सरकारसँगको समन्वयविना सम्भव नभएको बताए ।'परिस्थिति जटिल बन्दै गयो भने दूतावास र सरकारसँग समन्वयमा रिपाट्रिएसन फ्लाइटमार्फत उद्धार गर्न सकिन्छ,' उनले भने, 'सबैको सहकार्यमा मात्रै सम्भव हुन्छ ।'एनआरएनए कुवेतका अध्यक्ष दिलकुमार पाख्रिनले अहिलेको अवस्थामा अन्तर्राष्ट्रिय विमानस्थलहरू बन्द रहेकाले तत्काल उद्धार व्यावहारिक नदेखिएको बताए ।'एयरपोर्ट नै नखुलेपछि तत्काल नेपाल लैजान सम्भव हुँदैन । अहिलेको मुख्य उपाय भनेको जहाँ छौं त्यहीँ सुरक्षित बस्ने र सम्बन्धित देशको कानुन पालना गर्ने हो,' उनले भने ।

**अहिले तयारी गर्नुपर्ने समय हो : विज्ञ**

श्रम तथा आप्रवासन विज्ञ डा. जीवन बानियाँले नेपालले विगतका द्वन्द्वबाट पाठ सिकेर अग्रिम तयारी गर्नुपर्ने बताए । पहिलो आवश्यकता अद्यावधिक तथ्यांक रहेको बताउँदै त्यसका लागि कुन देश, कुन सहर र कुन कार्यस्थलमा कति नेपाली छन् भन्ने स्पष्ट विवरण राज्यसँग हुनुपर्ने बताए । सही तथ्यांक र सम्पर्क विवरण नै नभएको खण्डमा संकटका बेला समन्वय गर्न नसकिने उनको भनाइ छ ।

संकटकालमा अफवाहभन्दा सही सूचना महत्त्वपूर्ण हुने भन्दै उनले नेपाली मात्र होइन, मैथिली र भोजपुरीजस्ता भाषामा समेत सूचना दिनुपर्ने बताए । उद्धारको अवस्था आयो भने कूटनीतिक पहल, अन्तर्राष्ट्रिय उडान व्यवस्थापन र तेस्रो मुलुकको सहयोग आवश्यक पर्ने उनले औंल्याए । 'नेपालसँग एकैचोटि ठूलो संख्यामा उद्धार गर्ने जहाज क्षमता छैन । विगतमा जस्तै भारत, बंगलादेश लगायत देशको सहयोग लिन सकिन्छ,' उनले भने ।

साथै वैदेशिक रोजगार बोर्डको कल्याणकारी कोष प्रयोग गरी टिकट विस्तार, आवास वा आपतकालीन सहयोग गर्न सकिने उनको सुझाव छ ।अर्का श्रम तथा आप्रवासन विज्ञ रामेश्वर नेपालले युद्ध चर्किएर ठूलो संख्यामा उद्धार गर्नुपरे नेपालको आफ्नै क्षमताले सबैलाई फिर्ता ल्याउन सक्ने अवस्था नरहेको बताए । नेपालसँग सीमित जहाज मात्र रहेकाले ती विमानले लाखौंलाई उद्धार गर्न सम्भव नहुने बताए । भारतसँग जस्तो ठूलो फ्लाइट नेपालसँग नभएको बताउँदै उनले ठूलो संख्यामा उद्धार गर्नुपर्ने अवस्था आएको खण्डमा अन्य देशको समेत सहयोग लिनुपर्ने बताए ।

अहिलेको प्राथमिक काम कति जनालाई उद्धार गर्नुपर्ने हो भन्ने यथार्थ अनुमान गर्नु र आफ्नो क्षमताको म्यापिङ गर्नु रहेको उनको भनाइ छ । अनलाइन सूचीकरण सहज बनाउनुपर्ने र गर्भवती, बिरामीलगायत जोखिम समूहलाई प्राथमिकता दिनुपर्ने उनले बताए ।नेपालले गन्तव्य देशहरूसँग पनि जवाफदेहिता माग्न सक्ने उनको भनाइ छ । 'ती देश निर्माण गर्न नेपाली श्रमिकले योगदान दिएका छन् । संकटको बेला सुरक्षाको दायित्व उनीहरूको पनि हुन्छ,' उनले भने ।

अघिल्ला अनुभवमा भारतले महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै उनले भविष्यमा पनि त्यस्तै सहकार्य खोज्नुपर्ने बताए । प्रत्यक्ष रूपमा युद्धमा संलग्न नभएका देशहरूले सहयोगी उडान उपलब्ध गराउन सक्ने र त्यसका लागि सरकारले अहिलेदेखि नै तयारी गर्नुपर्ने उनको भनाइ छ ।उद्धारका लागि वैदेशिक रोजगार कल्याणकारी कोष प्रयोग गर्न सकिने र राज्यले पनि प्रत्यक्ष योगदान गर्नुपर्ने उनको धारणा छ । साथै गन्तव्य देश र मित्रराष्ट्रसँग सहयोग खोज्नु अनिवार्य हुने उनले बताए । उनले युद्ध व्यापक नभए ठूलो संख्यामा फर्किनुपर्ने अवस्था नआओस् भन्ने आशा व्यक्त गरे । परिस्थिति जटिल भए नेपालको व्यवस्थापन क्षमतामाथि ठूलो दबाब पर्ने विज्ञले चेतावनी दिएका छन् ।

**सरकारको तयारी : 'इमर्जेन्सी रेस्पोन्स टिम' गठन**

इरान र इजरायल-अमेरिकाबीचको युद्धलाई नजिकबाट नियाली रहेको नेपाल सरकारले ती देशमा रहेका नेपालीको सुरक्षालाई उच्च प्राथमिकतामा राखेको जनाएको छ ।परराष्ट्र मन्त्रालयले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा परराष्ट्र मन्त्रालयका प्रवक्ता लोक बहादुर पौडेल क्षेत्रीले पश्चिम एसिया क्षेत्रमा विकसित पछिल्लो परिस्थितिपछि त्यहाँ रहेका लाखौं नेपाली नागरिकको सुरक्षा र सम्भावित उद्धारका लागि सरकारले 'र्‍यापिड एक्सन टिम' गठन गरी काम सुरु गरेको बताए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले समेत स्थिति जटिल बनेमा उद्धार योजना तयार गर्ने काम भइरहेको बताए । 'अहिलेको संख्यालाई हवाई माध्यमबाट एकैपटक उद्धार गर्नु कठिन र अव्यावहारिक छ,' उनले भने, 'परिस्थितिले निर्धारण गरेअनुसार विकल्पहरू खोज्छौं ।'परराष्ट्र मन्त्रालयका सहसचिव रामकाजी खड्काका अनुसार परराष्ट्र सचिवको संयोजकत्वमा 'इमर्जेन्सी रेस्पोन्स टिम' गठन गरिएको छ । उक्त टिममा गृह, अर्थ, कानुन, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा, श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग, अध्यागमन विभाग, कन्सुलर सेवा विभाग र नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधि सहभागी छन् ।


पश्चिम एसियास्थित १० नेपाली नियोगहरू तेलअविव, दोहा, रियाद, आबुधाबी, मनामा, कुवेत सिटी, मस्कट, कायरो, जेद्दा र दुबईस्थित महावाणिज्य दूतावासबाट नियमित 'सिचुएसन एनालाइसिस रिपोर्ट' पठाउन निर्देशन दिइएको र सोही आधारमा कदम चालिने मन्त्रालयले जनाएको छ ।

**'१७ लाख ल्याउन ३ वर्ष लाग्न सक्छ' : व्यवसायी**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष राजेन्द्र भण्डारीले नेपालको हवाई क्षमता हेर्दा १७ लाख नेपालीलाई छिटो उद्धार गर्नु असम्भवजस्तै छ ।'दिनदिनै पर्याप्त उडान गर्न सकिँदैन । विमानलाई समेत जोखिम हुन सक्छ,' उनले भने । उनका अनुसार मुख्य जोड कूटनीतिक पहलमार्फत युद्धविराम र शान्ति स्थापनामा हुनुपर्छ । 'रेस्क्यु अन्तिम विकल्प हो, पहिलो प्राथमिकता युद्ध रोकिनु हो,' उनले जोड दिए ।

सरकार, एनआरएनए, विज्ञ र व्यवसायी सबैले एकैचोटि १७ लाख नेपालीलाई हवाई माध्यमबाट उद्धार गर्नु व्यवहारिक हुन नसक्ने बताएका छन् । अहिलेको प्राथमिकता भनेको अद्यावधिक तथ्यांक संकलन गर्नु, नियोगमार्फत नियमित सूचना प्रवाह गर्नु, लियाजो अफिसर र आपतकालीन समन्वय संयन्त्र सक्रिय पार्ने, आवश्यक परे सेफ हाउस र राहत कोष परिचालन गर्ने रहेको छ ।युद्ध व्यापक बन्यो भने मात्र चरणबद्ध उद्धार, तेस्रो मुलुकको सहयोग र बहुपक्षीय कूटनीतिक पहलमार्फत समाधान खोज्नुपर्ने विज्ञहरूको भनाइ छ ।अनलाईन खवर

# एसियाली सेयर बजारमा पहिरो



हङकङ । एसियाली सेयर बजार राताम्मे बनेको छ । मध्यपूर्वबाट तेल आपूर्तिमा सम्भावित अवरोधको चिन्ताले बुधबार सेयर परिसूचक तीव्र रूपमा घटेको हो । सबैभन्दा मारमा दक्षिण कोरियाली सेयर परिसूचक परेको छ ।

दक्षिण कोरियाको कोस्पी सूचकाङ्क १३ दशमलव ७१ प्रतिशतले घटेर बजार बन्द हुँदा ५ हजार ९३ दशमलव ५४ अङ्कमा आएको थियो । मङ्गलवार पनि कोस्पी ७ प्रतिशतले घटेको थियो । साक्सोका रणनीतिकार निल विल्सनका अनुसार यसवर्ष ठुला चिप कम्पनीहरूको उच्च वृद्धि पछि आएको बिक्री दबाबले सूचकाङ्कलाई विशेष असर पारेको हो ।सो क्षेत्रका अन्य बजारहरू पनि बुधबार दबाबमा रहे । जापानको निक्केई बजार बन्द हुँदा ४ दशमलव शून्य ८ प्रतिशतले घटेर २ हजार २०६ दशमलव शून्य ५ अङ्कमा आयो । चिप निर्माता कम्पनीमा निर्भर ताइवानको टीएसईएक्स ५०.४ दशमलव १ प्रतिशतले झरेर १ हजार ४९४ दशमलव ७७ अङ्क कायम भएको थियो ।

हङकङमा पनि हाङसेङ २ दशमलव १९ प्रतिशतले घट्दा चीनको साँघाई कम्पोजिट झन्डै १ प्रतिशतले तल आयो । एसियाली अर्थतन्त्रहरू मध्यपूर्वबाट आउने तेलमा अत्यधिक निर्भर छन् । यी तेल मुख्यतः इरानले आंशिक नियन्त्रण गरेको हर्मुज जलडमरू हुँदै आपूर्ति हुन्छ ।

उक्त जलमार्गमार्फत हुने ढुवानी लगभग ठप्प भएको र खाडी क्षेत्रको अधिकांश ऊर्जा निर्यात विश्व बजारबाट कटिएको बताइएको छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार गत वर्ष सो जलडमरूबाट ढुवानी भएको कच्चा तेलको ८० प्रतिशतभन्दा बढी एसियातर्फ गएको थियो ।

ऊर्जा आपूर्ति अवरुद्ध हुने चिन्ताबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलवार खाडी हुँदै जाने जहाजका लागि अमेरिकी सरकारबाट बीमा र ग्यारेन्टी दिने आदेश दिएका छन् । आवश्यक परे अमेरिकी नौसेनाले ट्यांकरलाई हर्मुज जलडमरुबाट पार गराउने पनि उनले बताएका छन् ।

यद्यपि, यो हस्तक्षेपपछि पनि तेल र प्राकृतिक ग्यासको मूल्य बुधबार बढ्दो क्रममा रह्यो । तेलको अन्तर्राष्ट्रिय बेन्चमार्क ब्रेन्ट क्रुड बिहानी कारोबारमा १ प्रतिशतले बढेर प्रतिब्यारेल ८२ डलर पुगेको छ भने अमेरिकी बेन्चमार्क डब्लूटीआई पनि उस्तै दरले बढेको छ ।युरोपमा भने बेलायत, जर्मनी, फ्रान्समा सेयर बजार मंगलबारको तीव्र गिरावटपछि बुधबार सकारात्मक क्षेत्रमा फर्किएका छन् । अमेरिकी फ्युचर्सले पनि बजार केही उक्लिएर खुल्ने सङ्केत दिएका छन् ।

जेफरिजका विश्लेषक मोहितकुमारले लेखेका छन्, ' अमेरिकी लगानीकर्ता ट्रम्पले के गर्छन् भन्नेमा बढी केन्द्रित छन्, तर इरानको सम्भावित प्रतिक्रियालाई कम आकलन गरिरहेका छन्' उनले थपे, ' हामी भने अझै सतर्क धारमै छौं र बजार किन्ने अवस्थामा छैनौ ।'मध्यपूर्वमा द्वन्द्व लामो समय तानिएमा विश्वभर मुद्रास्फीति बढ्न र आर्थिक वृद्धि सुस्त हुनसक्ने अर्थशास्त्रीहरूले चेतावनी दिएका छन् । तेलको खुद निर्यातकर्ता भएकाले अमेरिका युरोप र एसियाभन्दा कम प्रभावित हुनसक्ने ठानिएको छ ।

# इनड्राइभ नेपालको 'प्लेटिनम ड्राइभर्स गिभअवे' क्यामपेन




काठमाण्डु । इनड्राइभले नेपालमा 'प्लेटिनम ड्राइभर्स गिभअवे' क्याम्पेन सुरु गरेको छ। अघिल्लो संस्करणको सफलतापछि कम्पनीले यसपटक अभियानलाई अझ परिष्कृत र प्रभावकारी बनाउँदै आफ्ना ड्राइभर पार्टनर्सको कडा परिश्रम र समर्पणलाई सम्मान तथा पहिचान गर्ने उद्देश्यले क्याम्पेन अघि बढाएको जनाएको छ ।

कम्पनीका अनुसार अभियानअन्तर्गत ग्रान्ड प्राइजका रूपमा ब्रान्ड न्यू टाटा एक्सप्रेस-टी इभी कार, स्टाइलिश याडिया भेलाक्स इभी स्कुटर, सामसङका स्मार्टफोन तथा स्टेकेसन प्याकेजहरू प्रदान गरिनेछ ।कम्पनीकाअनुसार फागुन ११ गतेदेखि फागुन १७ गतेसम्म चालकहरूले प्लेटिनम स्ट्याटस प्राप्त गर्न न्यूनतम ४५ ओटा सवारी पूरा गर्नुपर्नेछ। प्लेटिनम स्ट्याटस हासिल गरेका चालकहरू मात्र गिभअवे अभियानमा प्रवेशका लागि योग्य हुनेछन् ।

फागुन १८ गतेदेखि चालकहरूले साप्ताहिक चुनौतीहरूको श्रृंखलामा सहभागी हुने अवसर पाउनेछन्, जसअन्तर्गत प्रत्येक हप्तामा विशेष पुरस्कार जित्ने मौका रहनेछ ।फागुन १८ गतेदेखि चैत १५ गतेसम्म सञ्चालन हुने तीन चुनौतीयुक्त हप्तामा प्लेटिनम स्ट्याटस प्राप्त गर्ने चालकहरू साप्ताहिक पुरस्कारसँगै ग्रान्ड प्राइजका लागि पनि योग्य हुने कम्पनीले जनाएको छ। क्याब चालकहरूको ग्रान्ड प्राइजका रूपमा टाटा एक्सप्रेस-टी इभी कार एक जनालाई प्रदान गरिनेछ भने बाइक राइडरहरूको श्रेणीमा याडिया भेलाक्स इभी स्कुटर दुई जनालाई उपलब्ध गराइनेछ ।

यसका अतिरिक्त १६ जना विजेतालाई सामसङका स्मार्टफोन र चार जनालाई स्टेकेसन प्याकेज प्रदान गरिनेछ। कुनै पनि चुनौती हप्तामा प्लेटिनम स्ट्याटस प्राप्त गर्ने चालकहरूबाट साप्ताहिक पुरस्कार विजेता छनोट गरिने कम्पनीले जनाएको छ ।ग्रान्ड प्राइजका लागि भने चालकहरूले अभियानको चारै हप्तामा प्लेटिनम स्ट्याटस कायम राख्नुपर्नेछ। सबै विजेताहरूको घोषणा चैत १९ गते आयोजना हुने भव्य कार्यक्रममार्फत गरिने कम्पनीले जानकारी दिएको छ ।

# राष्ट्र बैंकमा दुई डेपुटी गभर्नर रिक्त हुँदै

काठमाण्डु । नेपाल राष्ट्र बैंकका दुई डेपुटी गभर्नरको पद एक साताभित्र रिक्त हुँदैछ । यही फागुन २४ गतेदेखि गभर्नरद्वय नीलम ढुंगाना र बमबहादुर मिश्रले नियमित अवकाश पाउन लागेका हुन् । दुवै डेपुटी गभर्नरहरूले २०७७ फागुन २५ गते नियुक्ति पाएका थिए । राष्ट्र बैंकमा डेपुटी गभर्नरको कार्यावधि पाँच वर्षको हुने व्यवस्था छ ।


राष्ट्र बैंकमा डेपुटी गभर्नर हुन नियुक्ति हुँदाको बखत कार्यकारी निर्देशक हुनुपर्छ । यस अनुसार राष्ट्र बैंकका सबै १८ जना कार्यकारी निर्देशकहरू डेपुटी गभर्नरका प्रत्यासी हुन् । अहिले ती प्रत्यासीहरूमध्ये को-को डेपुटी गभर्नर बन्ला भन्ने चासो सुरु भएको छ । व्यक्तिको क्षमता, व्यक्तित्व र सम्बन्धका आधारमा विभिन्न अड्कलबाजी समेत सुरु भएका छन् । यद्यपि अघिल्लो पटकजस्तो दौडधुप भने यसपटक नदेखिएको राष्ट्र बैंक कर्मचारीहरू बताउँछन् ।

**किन कम छ डेपुटी गभर्नर नियुक्तिको चर्चा ?**

डेपुटी गभर्नरका आकांक्षीहरूबिच विगतको जस्तो दौडधुप नहुनुको मुख्य कारण भनेको डेपुटी गभर्नरको नियुक्ति कुन सरकारले गर्छ भन्ने अन्योल हो ।बिहीबार प्रतिनिधिसभाको निर्वाचन हुँदैछ । यो निर्वाचनबाट बन्ने प्रतिनिधिसभाले केन्द्रमा नयाँ सरकार निर्माण गर्नेछ । निर्वाचन आयोगले मतदान सकिएको २४ घण्टाभित्र प्रत्यक्षतर्फ र ७२ घण्टाभित्र समानुपातिकतर्फको नतिजा समेत सार्वजनिक गर्ने लक्ष्यसहित तयारी गरिरहेको जनाएको छ ।

आयोगले भनेअनुसार निर्वाचन प्रक्रिया अघि बढ्ने एक/डेढ सातामा नयाँ सरकार बन्न सक्छ । यो अवस्थामा अहिलेको सरकारले राष्ट्र बैंकमा नियुक्ति गर्छ भन्ने विश्वासमा आकांक्षीहरू देखिँदैनन् । अर्कोतिर अब आउने सरकार कसको नेतृत्वमा बन्छ र कस्तो बन्छ र कोसँग अप्रोच गर्ने भन्ने अन्योल हुँदा डेपुटी गभर्नरका आकांक्षीले यसपटक खासै दौडधुप नगरेको राष्ट्र बैंकका कर्मचारीहरू बताउँछन् ।

'कसको सरकार बन्छ भन्ने निश्चित नभएर पनि हुन सक्छ, विगतमा जस्तो दौडधुप यसपटक देखिएको छैन,' राष्ट्र बैंकका एकजना कर्मचारी भन्छन्, 'चुनावमा कुन पार्टीको कस्तो पोजिसन होला भन्ने मोटामोटी अनुमान त छ, तर ठुलो दल हुँदैमा त्यसैले सरकार नै बन्छ भन्ने पनि होइन, पार्टीका नेताहरू चुनावमा व्यस्त भएकाले पनि यसपालि दौडधुप भएको जानकारी छैन ।'आकांक्षीहरूले दौडधुप नगर्दा राष्ट्र बैंकभित्र डेपुटी गभर्नरको नियुक्तिको विषयमा पहिलेजस्तो चर्चा पनि छैन । धेरैजसो छलफल कुन पार्टीले जित्ला र कस्तो सरकार बन्ला भन्नेमै केन्द्रित रहेकाले पनि राष्ट्र बैंकभित्रको नियुक्तिको चर्चा कम भएको ती कर्मचारी बताउँछन् ।



**यस्तो छ नियुक्ति प्रक्रिया**

डेपुटी गभर्नर नियुक्तिका लागि गभर्नरले कार्यकारी निर्देशकमध्येबाट चार जनाको नाम सिफारिस गरेर पठाउँछन् । त्यसमध्ये २ जनालाई मन्त्रिपरिषद्ले नियुक्ति गर्ने व्यवस्था छ ।राष्ट्र बैंकबाट हुने सिफारिसमा यसपटक गभर्नर बढी स्वतन्त्र हुनसक्ने कार्यकारी निर्देशकहरूको विश्लेषण छ । यो अवस्थामा गभर्नरले राष्ट्र बैंकको आवश्यकता हेरेर डेपुटी गभर्नरको सिफारिस हुनुपर्ने बताउँछन् । 'विगतमा प्रभावका आधारमा डेपुटी गभर्नर नियुक्ति हुँदा राष्ट्र बैंकको इमेजमा कस्तो क्षति पुग्यो भन्ने गभर्नर साबलाई राम्रोसँग थाहा छ,' एकजना कार्यकारी निर्देशक भन्छन्, 'यसपटक राष्ट्र बैंक सिफारिसमा स्वतन्त्र हुन्छ भन्ने लाग्छ । गभर्नर साबलाई हामी सबैको बारेमा राम्रोसँग थाहा छ, राष्ट्र बैंकको आवश्यकता हेरेर निर्णय गर्नुहुन्छ भन्ने अपेक्षा छ ।'

केही कर्मचारीहरूले भने डेपुटी गभर्नरको सिफारिस गर्दा क्षेत्रगत सन्तुलन मिलाउन गभर्नरलाई सुझाव दिइरहेका छन् । खासगरी आर्थिक तथा मौद्रिक क्षेत्र र वित्तीय प्रणालीसँग सम्बन्धित विज्ञबाट एक एक जना डेपुटी गभर्नर नियुक्ति हुनुपर्नेमा उनीहरूको जोड छ । विगतमा यसलाई ध्यान नदिँदा एकपक्षीय नीति आएको र यसले बैंकिङ क्षेत्रको नियमन, सुपरीवेक्षणदेखि आर्थिक क्षेत्रको मूल्यांकनसम्म प्रभाव परेको रिपोर्टिङ कर्मचारीहरूको छ ।

**को-को छन् प्रतिस्पर्धी, गभर्नरको रोजाइमा को पर्लान् ?**

राष्ट्र बैंकका १८ कार्यकारी निर्देशकहरूमा नरेश शाक्य, रेवती नेपाल, रामु पौडेल, विश्रुत थापा, दयाराम शर्मा, गुरुप्रसाद पौडेल, किरण पण्डित, डा. सत्येन्द्र तिमल्सिना तथा चेतप्रसाद उप्रेती छन् ।

त्यस्तै, रोशनकुमार सिग्देल, डा. रामशरण खरेल, डा. डिल्लीराम पोखरेल, दीर्घबहादुर रावल, निश्चल अधिकारी, अनुज दाहाल, दीपकराज लामिछाने, राजनविक्रम थापा र राजेन्द्र भट्टराई कार्यकारी निर्देशकको रुपमा रहेका छन् । उनीहरूमध्ये सत्येन्द्र तिमल्सिना, रामशरण खरेल, डिल्लीराम पोखरेल, रोशन सिग्देल लगायतलाई मौद्रिक तथा आर्थिक क्षेत्रका जानकार मानिन्छ । अर्थशास्त्रको राम्रो ज्ञान हुने व्यक्ति नहुँदा समस्या भएको भन्ने गुनासोबिच उनीहरूमध्येबाट सिफारिस हुने सम्भावना देखिन्छ ।

उल्लेखित उम्मेदवारमध्ये सत्येन्द्र तिमल्सिना गभर्नर पौडेलसँग पुरानो चिनजानका व्यक्ति हुन् । अमृत साइन्स क्याम्पसमा हुँदा उनीहरू एउटै संगठनमा रहेको बताइन्छ । दीर्घ रावल गभर्नर पौडेलका विद्यार्थी हुन् । काठमाडौं विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्ट (कुसुम) मा पौडेलले रावललाई अध्यापन गराएका थिए, सोही कारणले गभर्नरको रोजाइमा उनी पर्न सक्छन् कि भन्ने विश्लेषण राष्ट्र बैंकभित्र हुने गरेको छ । गुरू पौडेल र रामु पौडेलले पछिल्लो समयमा गभर्नरलाई विश्वासमा राख्न सफल व्यक्ति मानिन्छन् । नियमन तथा सुपरीवेक्षणको अनुभव र सक्रियताको आधारमा उनी पनि गभर्नरको रोजाइमा पर्नसक्ने विश्लेषण हुने गरेको छ ।

वरीयताक्रमका आधारमा नियुक्ति भएको अवस्थामा नरेश शाक्य, रेवती नेपाल समेत रोजाइमा पर्ने सम्भावना रहेको राष्ट्र बैंकभित्र चर्चा हुने गरेको छ । यद्यपि डेपुटी गभर्नर नियुक्तिमा यसअघि हुने गरेको सरकारी चासोका कारण जोकोही पनि सिफारिसको सम्भावनाबाट बाहिर भने छैनन् । नयाँ सरकारको समीकरणले यसलाई निर्धारण गर्नसक्ने राष्ट्र बैंकका कर्मचारीहरू बताउँछन् ।

# निर्वाचनका लागि २ लाख २१ कर्मचारी परिचालन

**टुडे समाचारदाता**


जनकपुरधाम । फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा २ लाख २१ हजार बढी कर्मचारीहरू परिचालित गरिएको थियो ।

निर्वाचन आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेका अनुसार देशभर २३ हजार ११२ मतदान केन्द्र र १४३ अस्थायी मतदान केन्द्रका लागि २ लाख २१ हजार बढी कर्मचारीहरू खटिएका थिए ।

'५ सयभन्दा बढी मतदाता रहेको मतदान केन्द्रमा ९ जना, ५ सयभन्दा कम मतदाता रहेको मतदान केन्द्रमा ८ जना, ३ सयभन्दा कम मतदाता रहेको मतदान केन्द्रमा ७ जना कर्मचारीहरू परिचालित भएका छन्,' न्यौपानेले भने ।

यसरी कर्मचारी परिचालित हुँदा प्राथमिकतामा संघका कर्मचारीलाई राखिएको थियो । विगतका चुनावमा शिक्षकहरूलाई उल्लेख्य संख्यामा परिचालन गर्ने गरिएको भएपनि यसपटकको चुनावमा नगण्य संख्यामा मात्र शिक्षक परिचालन गरिएको न्यौपानेले बताए ।

'हामीले प्राथमिकता निर्धारण गर्दा सबैभन्दा बढी संघका कर्मचारी,




त्यसपछि प्रदेशका कर्मचारी र स्थानीय तहका कर्मचारीलाई प्राथमिकतामा राखिएको छ,' उनले लोकान्तरसँग भने, 'त्यतिले पनि नपुग्ने अवस्थामा संस्थानका कर्मचारीहरूलाई प्राथमिकतामा राख्न भनिएको छ । त्यसले पनि नपुग्ने अवस्था आए मात्र शिक्षकलाई खटाउने भनिएको हो ।'

शिक्षकलाई खटाउँदा विद्यालयको पठनपाठन पछिसम्म पनि प्रभावित हुने हुँदा शिक्षकलाई नखटाउने आयोगको रणनीति रहेको उनले खुलाए । निर्वाचन प्रयोजनका लागि २ लाख २१ हजार बढी कर्मचारीहरू खटिएको भएपनि २ लाख १३ हजार कर्मचारीहरूको बीमा गरिएको उनले बताए । कर्मचारीको बिमित रकम २० लाख रूपैयाँ रहेको उनले खुलाए ।

'२ लाख २१ हजार कर्मचारी खटिएको भएपनि २ लाख १३ हजार कर्मचारीको बिमा गराएका छौं,' उनले थपे, 'कुन कर्मचारी भनेर भनेका छैनौं । एकमुस्ट २ लाख १३ हजार कर्मचारीका लागि ९ करोड रूपैयाँ बिमा कम्पनीलाई दिएका छौं ।'

निर्वाचन प्रचार-प्रसारको मौन अवधि शुरू भएपछि आयोगले मौन अवधिमा आचारसंहिता उल्लंघनको समेत अनुगमन शुरू गरेको छ ।

मौन अवधिमा समेत उम्मेदवारहरूको प्रचारप्रसार भइरहेको हुनाले त्यसलाई सामाजिक सञ्जालबाट डिलिट गर्नका लागि सम्बन्धित निकायमा निर्देशन दिइएको उनले खुलाए ।

हुम्ला, डोल्पा, मुगु, मनाङ र मुस्ताङसहित पाँच जिल्लामा हेलिकप्टरमार्फत मतपत्र पुऱ्याइएको उनले बताए। त्यसबाहेक केहीजिल्लामाजिल्लादेखिमतदान केन्द्रसम्म समेत हेलिकप्टरमार्फत मत पत्र पुऱ्याइएको न्यौपानेले खुलाए । त्यसबाहेक सबै जिल्ला र मतदान केन्द्रमा मतपत्र पठाइसकिएको उनले बताए ।

आयोगकी अर्की सहायक प्रवक्ता सीता पुन श्रीसका अनुसार अहिलेसम्म कुल १ हजार ८६२ जना उम्मेदवारले निर्वाचन प्रयोजनका लागि छुट्टै बैंक खाता मात्र खोलेको छ ।

प्रत्यक्षतर्फ ३ हजार ४०६ र समानुपातिक तर्फ १ हजार २७० जना उम्मेदवार छन् । निर्वाचन आचारसंहिता अनुसार सबै उम्मेदवार र दलहरूले आफ्नो छुट्टै बैंक खाता खोल्नुपर्नेमा अहिलेसम्म १ हजार ८६२ जना उम्मेदवारले मात्र छुट्टै बैंक खाता खोलेको उनले बताइन् । त्यसबाहेक ११ वटा राजनीतिक दलले मात्र छुट्टै बैंक खाता खोलेको उनले खुलाइन् ।

'छुट्टै बैंक खाता नखोलेका उम्मेदवार र दललाई के गर्ने भन्ने विषयमा आयोगले अहिलेसम्म केही निर्णय गरेको छैन,' उनले लोकान्तरसँग भनिन्, 'शुरूमा हामीले सबै उम्मेदवारलाई छुट्टै बैंक खाता खोल्नुपर्छ भनेर भनेका थियौं । तर, पछि ताकेता नगरेका कारण धेरैले छुट्टै खाता खोल्नु भएन ।'

# समानुपातिकमा पनि रास्वपाकै अग्रता

**टुडे साचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभाका लागि भएको निर्वाचनमा समानुपातिक तर्फको मतगणनामा पनि राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले सुरुवाती अग्रता लिएको छ । यो समाचार लेख्दासम्म शुक्रवार राति ९ बजेसम्म ३१ हजार ८८२ मत गणना हुँदा रास्वपाले १८ हजार ८३० मत पाएको छ ।

दोस्रोमा नेपाली कांग्रेसले ५ हजार ५६० तत



ल्याउँदा २ हजार ८४८ मतसहित राष्ट्रय प्रजातन्त्र पार्टी (राप्रपा) तेस्रो स्थानमा छ ।

एमालेले २ हजार १०१ मत प्राप्त गर्दा नेपाली कम्युनिस्ट पार्टी(नेकपा) ले ६१९, श्रम शक्ति पार्टी ७८४, मधेशवादी दलततर्फ जसपा नेपाल ४२, जनमत पार्टी २४ मत मात्र प्राप्त गरेको छ । यस्तै नेमकिपाले १११, नेपाल जनता संरक्षण पार्टी ९२, सयुक्त जाँतो छाप ८०, प्रगतिशील लोकतान्त्रिक पार्टीले ५१ मत मल्याएको छ भने चारवटा दलले एक मत पनि ल्याएको छैन ।

# जनमत: आक्रोशको सालीन अभिव्यक्ति

ब्लग :



**श्यामसुन्दर शशि**

प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको नागरिक सरकारको अगुवाईमा सम्पन्न निर्वाचनको प्रारम्भिक रुझान देखेर नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी तथा मधेशवादी दलका शीर्ष नेताहरुको प्रतिक्रिया आउँदै गर्लान् । तर मैले यसलाई 'नेपाली जनताभित्रका आक्रोशको सालीन अभिव्यक्ति' भनेको छु। २०८२ फागुन २१ को जनमतले डंकाको चोटमा भनेको छ- बुलेटभन्दा बैलेट बढि महत्वपूर्ण हुन्छ । अब आलो पालोको युग गयो । एमाले अध्यक्ष केपी शर्मा ओलीले भने जस्तै जनताको सामु कोही पेले हुँदैन । कुनै ज्योतिषिको लहैलहैमा शेरबहादुर देउवाजस्ता पात्र सात/सात पटक प्रधानमन्त्री हुँदैनन् । पहिचानको नारा दिएर मधेश आन्दोलनमा होमिन लगाउँने अनि पार्टी भित्र जातीय वा वंशवाद चलाउन छुट हुने छैन। कम्प्युटर विज्ञानका वैज्ञानिक राजनीतिका पनि ज्ञाता हुन्छन् भन्ने जरुरी छैन ।

जनमतको आक्रोशको यस सालीन अभिव्यक्ति देखेर देश दुनिया चकित छ । प्रारम्भिक रुझान परिणाममा रुपान्तरण भयो भने राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता तथा पार्टीद्वारा प्रस्तावित प्रधानमन्त्रीका अनुहार बालेन्द्र साह मुलुकको सबभन्दा लोकप्रिय नेता (हिरो) भएर उदाउने पक्का हो । 'न भूतो न भविष्यति....' बालेन्द्रको लोकप्रियता इतिहासमै दर्ज हुने छ । सम्भवतः रास्वपा दुई तिहाइ बहुमतको सरकार बनाउन सफल हुने छ ।

रास्वपाको यस ऐतिहासिक जनादेशले केपी ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, महन्थ ठाकुर, उपेन्द्र यादव र डा.सीके राउतलगायतका नेताहरुलाई ऐना देखाएको छ र भनेको छ- तिमीहरुको राज्य सञ्चालन गर्ने शैली जनता मैत्री भएन । तिमीहरुले राज्यका सम्पूर्ण अंग र निकायमा चरम राजनीतिकरण गर्‍यौं । युवा पुस्ता (जेन-जी) को शालीन विद्रोहलाई अपराध भन्यौं । ७४ जनाको ज्यानजाने गरी तथा अर्बौको निजी तथा सरकारी सम्पति स्वाहा हुने गरी भएको घटनाको जिम्मेवारी लिएनौं र पनि सत्ता माथि ऱ्याल चुहाएर बसि रह्यो । अब अति भो ।

कम्प्यूटर इञ्जिनियर भए पनि एउटा रैपरको रुपमा ख्याति कमाएका बालेन्द्र साहको राजनीतिक कैरियर काठमाण्डु महानगर पालिकाको मेयरको रुपमा शुरु भएको थियो । ३ वर्षे कार्यकालमा उनले काठमाण्डु उपत्यकाको सौन्दर्यीकरण तथा व्यवस्थापनको लागि गरेको कामको सराहना भएको थियो । खासमा फोहोर व्यवस्थापनको मामिलामा केपी शर्मा ओली नेतृत्वको सरकारले गरेको असहयोग पश्चात् एउटा मेयरको रुपमा उनले गरेको विद्रोह युवा



वर्गलाई औधि मन परेको थियो ।

आम निर्वाचनको प्रारम्भिक रुझान परिणाममा परिणत हुँदा उनि प्रतिनिधि सभामा बहुमत प्राप्त (सम्भवतः दुई तिहाइ) प्रधानमन्त्री बन्ने छन् । संविधान संशोधन गरेर पनि उनी देशमा सुशासन ल्याउन सक्छन् । देशलाई भ्रष्टाचारमुक्त गर्न सक्छन् । शिक्षा, स्वास्थ्य, कृषि, उद्योग आदिको क्षेत्रमा सकारात्मक रणनीति बनाउँन सक्छन् । जनहितमा काम गर्दा हाल जनताको आक्रोशमा परेका पारम्परिक राजनीतिक दलहरुको साथ सहयोग रहने नै छ ।

तर जनताले दिएको जिम्मेवारी निर्वाह गर्नु चुनौतीपूर्ण हुन्छ । कारण फागुन २१ को निर्वाचनले एउटा पार्टी वा नेतामाथि देखाएको विश्वास पहिलो घटना भने होइन । २०१५ सालमा प्रतिनिधि सभाको लागि १ सय ९ प्रतिनिधिसभा सदस्यका लागि भएको निर्वाचिनमा ७४ सिट जितेर नेपाली कांग्रेस सबैभन्दा ठूलो राजनीतिक दल बनेको थियो । बीपी कोइराला देशको पहिलो प्रजातान्त्रिक निर्वाचित प्रधानमन्त्री बनेका थिए । तर बीपि कोइराला नेतृत्वको सरकारलाई अपदस्त गरी राजा महेन्द्र पञ्चायती व्यवस्था शुरु गरेका थिए । कांग्रेसका अनेकौं शीर्ष नेता राजाका मतियार बनेका थिए । प्राप्त उपलब्धि गुमेको थियो ।

२०४८ सालमा सम्पन्न दोश्रो बहुदलीय प्रतिस्पर्धामा आधारित निर्वाचनमा पनि नेपाली कांग्रेसले प्रतिनिधिसभाका २०५ मध्ये ११० सिट जितेर प्रष्ट बहुमत प्राप्त गरेको थियो । तर कांग्रेस भित्रको किचलोको कारण मध्यावधि निर्वाचनमा जानु परेको थियो । पछिल्लो पटक नेकपा माओवादी केन्द्रले स्पष्ट बहुमत प्राप्त गर्‍यो । नेकपा एमाले र नेकपा माओवादी केन्द्रको एकताबाट बनेको नेपाल कम्युनिष्ट पार्टीले पनि प्रष्ट बहुमत प्राप्त गरेको थियो । तर पाँच वर्ष चल्ने स्थिर सरकार बन्न सकेन ।

अतः झण्डै दुई तिहाइ तिर लम्किँदै गएको रास्वपा पार्टी र प्रधानमन्त्रीको रुपमा प्रस्तावित बालेन्द्र साहको काँधमाअवसरसंगै चुनौतीपनिथपिएको छ । उहाँको पहिलो चुनौती भनेको सहकारी पीडितहरुलाई न्याय दिलाउनु हो । त्यसपछि निर्वाचनताका उम्मेदवार चयनमा भएको बेथितिको पुनरावृति रोक्नु, जेन-जी पुस्ताको माँग सम्बोधन तथा संविधान संशोधन मार्फत शासकीय स्वरुपमा परिमार्जन तथा सरकारी निकायहरुमा चुलिएको राजनीतिक हस्तक्षेप अन्त्य गर्नु महत्वपूर्ण हो ।

बालेन्द्र साहले के पनि हेक्का राख्नु पर्दछ भने केपी शर्मा ओली, शेरबहादुर देउवा, प्रचण्ड, उपेन्द्र यादव, महन्थ ठाकुर, सीके राउतजस्तालाई पाठ सिकाउन सक्ने जनता जनार्दन कसैलाई पनि तह लगाउन सक्छन् ।

# मधेशमा मधेशी दलकै पत्ता साफ

**टुडे समाचारदाता**

जनकपुरधाम । सम्पन्न प्रतिनिधि सभाको निर्वाचनको मत परिणामले निर्वाचनमा मधेसवादी दलको पत्ता नै साफ भएको देखिन्छ । यस्तो देखेर धेरैले भन्न थालेका छन्, 'यसपालि त मधेसकेन्द्रित दलको पत्ता साफ नै भइसक्यो ।'

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ल्याइरहेको अप्रत्याशित मत परिणामले मधेसमै मधेसवादी दलहरू ओझेलमा परिसकेको छ । यतिबेला मधेसवादी दलले जित्न सक्ने सम्भावित सिट मध्ये सप्तरी क्षेत्र नं. ३ हो । तर त्यसमा पनि खासै सम्भावना देखिदैन । कति बेला रास्वपाले पर्छाला त्यसको सम्भावना छैन ।



उनीहरूको स्थिति कमजोरै हो त ? मधेस मामिलाका जानकार चन्द्रकिशोर भन्छन्, 'अवस्था खराब नै छ, कुनै नेता आफ्नो व्यक्तिगत क्षमताले जिते भने त्यो बेग्लै कुरा हो, त्यसबाहेक सबैको हालत खराब देखिएको छ ।' संगठनको बलमा जित्ने अवस्था कुनै पनि दलको नभएको र पार्टी अध्यक्षहरू नै ढुक्क हुने अवस्थामा नभएका उनले बताए । मधेसवादी दलहरू 'पत्ता साफ' नभए पनि 'वेभ' भने नेदेखिएको हो ।

'मधेसवादी दलका लागि यो पतझडको मौसम हो, वसन्त आउँदैन,' उनले भने, 'मधेसवादी दलले संघीय सरकारदेखि प्रदेश सरकार र स्थानीय सरकारमा गरेको प्रदर्शन (पर्फमेन्स) राम्रो नभएको कारण अहिलेको अवस्था आएको हो ।' जेनजी आन्दोलन भएपनि मधेसवादी दलको संरचनामा कुनै फेरबदल नभएको, टिकट वितरणमा पनि केही फरकपन नदेखिएको हुँदा लिड गर्न सक्ने सम्भापना पनि देखिदैन उनको बुझाई छ ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी नेपाल र तराई मधेसमा गठन भएका अन्य दलहरू यतिबेला चुनावमा होमिएका थिए । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सप्तरी-३ बाट अग्रता लिएका छन् । जसपा नेपालका संरक्षक महन्थ ठाकुर राष्ट्रिय सभा सदस्यमा निर्वाचित भइसकेका छन् ।

राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो सर्लाही-२ तेश्रो स्थानमा चलिरहेका छन् । जनमत पार्टीका अध्यक्ष डा. सीके राउत सप्तरी-२ मा रास्वपाको पछिपछि दोश्रो स्थानमा छन् । तर उनीहरूको अवस्था पहिलेभैं छैन, चुनावी नतिजा आफ्नो पक्षमा देखिदैन । मधेसकेन्द्रित दलहरूका बिचमा मोर्चा बने पनि त्यो यो चुनावमा भने निष्क्रिय रह्यो, अर्थात् नेताहरूले पर्याप्त तालमेल जुटाउन नसक्दा पनि यस्तो दुर्दशा अवस्था आएको बुझाई छ ।

मधेसवादी दलहरू यसपटक एक्लाएक्लै निर्वाचनमा होमिएका थिए । यद्यपि राष्ट्रिय मुक्ति पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल र जसपा (अशोक राई)ले एउटै चुनाव चिह्न निर्वाचनमा भाग लिएपनि खासै असर पार्न सकेनन् । त्यसबाहेक अरू कुनै पनि दलहरूका बिचमा कुनै प्रकारको सहमति भएको छैन । रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीले विभिन्न पाँचवटा साना दलसँग गठबन्धन बनाए पनि त्यसको खासै प्रभाव देखाउन सकेनन ।

अनिल झा नेतृत्वको नेपाल सद्भावना पार्टीका नेताहरू विभिन्न दलबाट चुनाव लडेका छन् । उक्त पार्टीका अध्यक्ष अनिलकुमार झा नेपाली कांग्रेसबाट उम्मेदवार बनेका छन् तर असर पार्न सकेको छन् ।

जसपा नेपालका नेता शरतसिंह भण्डारीको अवस्था पनि निकै खराब छ । महोत्तरी दुईबाट भारी मतान्तरले दोश्रो स्थानमा छन् । जसपा नेपालका संरक्षक महन्थ ठाकुरले महोत्तरी-३ मा आफ्नी छोरी डा. मीनाक्षी यादवलाई उम्मेदवार बनाएका छन्, तर त्यहाँ रास्वपाको अग्रताले तेश्रो स्थानमा छन् ।

२०७९ को निर्वाचनमा जसपा नेपालबाट सिरहा-२ बाट जितेका राजकिशोर यादव यसपटक सिरहा-४ बाट उम्मेदवार बनेका छन् । उनलाई रास्वपाका तपेश्वर यादवले टक्कर दिएका छन् । रास्वपाका समानुपातिक उम्मेदवार पुरुषोत्तम यादवको क्षेत्र भएको कारण त्यो क्षेत्रमा रास्वपाको प्रभाव बढी नै देखिएको छ ।

विगतमा जसपा नेपालबाट जितेका डा. वीरेन्द्र महतो यसपटक जनमत पार्टीबाट उम्मेदवार छन् । यहाँ तपेश्वर भारी मतान्तरले अग्रता कायम गरेका छन् ।

गत निर्वाचनमा कांग्रेसका विनोद चौधरीसँग हारेका हृदयेश त्रिपाठी यसपटक जनता समाजवादी पार्टी नेपालबाट नवलपरासी-१ मा उम्मेदवार बनेका छन् । तर जित्ने सम्भावना छैन ।

जसपा नेपालकै सर्वेन्द्रनाथ शुक्ला रूपन्देही-४ मा उम्मेदवार छन्, उनले अघिल्लो पटक यहीँबाट जितेका थिए । तर यसपटक उनलाई पनि कठिन देखिएको छ । त्यहाँ पनि रास्वपाले प्रभाव पारेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीबाट कन्हैया बानियाँले गत निर्वाचनमा लोसपाबाट प्रदेशसभा जितेका उनी राजीनामा दिएर रास्वपाबाट उम्मेदवार जसपा नेपालका शुक्लालाई असर पारेको छ ।

> "मधेसवादी दलका लागि यो पतझडको मौसम हो, वसन्त आउँदैन," उनले भने, "मधेसवादी दलले संघीय सरकारदेखि प्रदेश सरकार र स्थानीय सरकारमा गरेको प्रदर्शन (पर्फमेन्स) राम्रो नभएको कारण अहिलेको अवस्था आएको हो ।"

राष्ट्रिय मुक्ति पार्टीका उपाध्यक्ष डा. राजीव झा धनुषा-३ बाट उम्मेदवार थिए । तर उनले पार्टीबाट राजीनामा दिएर रास्वपामा प्रवेश गरी मनीष झालाई समर्थन गरिसकेका छन् । आफ्नै उम्मेदवारले रास्वपालाई समर्थन गरिसकेपछि रामुपाले धनुषा-३ मा कांग्रेसलाई समर्थन गरेको छ ।

त्यस्तै, सप्तरी-३ का रामुपाका उम्मेदवार गजेन्द्र मण्डलले कांग्रेसका उम्मेदवार दिनेश यादवलाई समर्थन गरेका छन्, दिनेशले यसअघि पनि त्यहाँबाट चुनाव जितेका थिए । यो क्षेत्रमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पनि उम्मेदवार छन् । जसपा नेपाल र रामुपा एउटै मोर्चामा छन् तर गजेन्द्र मण्डलले उपेन्द्र यादवलाई समर्थन नगरेर कांग्रेसका दिनेश यादवलाई समर्थन गरेका छन्, त्यसैले पनि मधेसवादी दलहरूका बिचमा दूरी छ भन्ने पुष्टि हुन्छ ।

मधेशी दल भए शक्तिहिन

३६ लाख ३६ हजार ४१४ मतदाता रहेको मधेस प्रदेशले प्रत्यक्ष तथा समानुपातिक गरेर करिब ५५ जना सांसद चयन गर्छ, जुन दलले त्यहाँबाट सबभन्दा बढी उम्मेदवार जिताउँछन्, त्यही दल नै मुख्यतः देशको सबभन्दा ठुलो दल बन्ने गरेको अहिलेसम्मको चुनावी नतिजाले देखाएको छ । रास्वपाको आइरहेको अप्रत्याशित मतले रास्वपा मधेशमा ठूला शक्तिको रुपमा उभिनेछ ।

मधेस प्रदेसका आठ जिल्लामा ३२ वटा क्षेत्र छन् । गत चुनावमा जसपा नेपालले २ लाख ९८ हजार ७४४ मत ल्याएको थियो भने जनमत पार्टीले २ लाख ९६ हजार ४८४ मत ल्याएको थियो । २०७९ मा कांग्रेस सबैभन्दा ठुलो दल भएको थियो । त्यसले चार लाख ३४ हजार ९७१ मत ल्याएको थियो भने एमालेले तीन लाख ७१ हजार ९७१ मत ल्याएको थियो । नेकपा (तत्कालीन माओवादी)ले एक लाख ७९ हजार ७८०, राष्ट्रिय स्वतन्त्र पार्टीले ७२ हजार ९३५ र राष्ट्रिय प्रजातन्त्र पार्टीले ६८ हजार ६५३ मत ल्याएका थिए । तर यस पटक सबैभन्दा बढी रास्वपाको मत आइरहेको छ ।

महन्थ ठाकुर नेतृत्वको तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, माधवकुमार नेपाल नेतृत्वको नेकपा (एस), रञ्जिता श्रेष्ठ नेतृत्वको तत्कालीन नागरिक उन्मुक्ति पार्टी, मो. रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टी र बहुजन एकता पार्टीले थ्रेसहोल्ड पनि कटाएका थिएनन् । जसपा नेपालसँग एकता गरिसकेको तत्कालीन लोसपा नेपालले एक लाख नौ हजार ३९०, नेकपा (एस) एक लाख सात हजार ८४, नेकपासँग एकता गरिसकेको तत्कालीन नागरिक उन्मुक्ति पार्टीले ४१ हजार १, नेपाल संघीय समाजवादी पार्टीले ३८ हजार ३१२ र बहुजन एकता पार्टीले १५६ हजार ७७४ मत ल्याएका थिए । यसपटक रास्वपा बाहेक मुश्किलले कांग्रेस र एमालेले थ्रेसहोल्ड कटाउने सम्भावना देखिन्छ ।

# पर्साको चारै क्षेत्रमा रास्वपाको अग्रता



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा जारीरहेको प्रतिनिधि सभा सदस्यको निर्वाचनको मतगणनामा शुक्रबार साँझ ७ बजेसम्म राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारहरूले सुरुवाती अग्रता कायम राखेको छ ।

जिल्लाका चारवटै क्षेत्रमा रास्वपका उम्मेदवारलाई अन्य दलका उम्मेदवारहरुले सुरुवातदेखि नै पछ्याई रहेको छ । पर्सा क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बुद्धि बहादुर पन्त ४ हजार ५ सय ४९ मत ल्याएर अगाडि रहेको छ ने नेकपा एमालेका उम्मेदवार प्रदिप यादव २ हजार ४९ मत ल्याई दोश्रोमा अनि नेपाली कांग्रेसका उम्मेदवार अनिल कुमार रूगंटा १ हजार ६ सय १९ मत प्राप्त गरी तेश्रो स्थानमा छन् ।

पर्सा क्षेत्र नम्बर २ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार शुसिल साह कानु ६ हजार ७ सय २४ मत ल्याएर पहिलो स्थानमा अनि नेपाली कांग्रेसका उम्मेदवार अजय कुमार चौरसिया २ हजार ८ सय मत ल्याएर दोश्रोमा र नेकपा एमालेकी उम्मेदवार रिमा कुमारी यादव २ हजार ५ सय ७२ मत ल्याई तेश्रो स्थानमा रहेको छ ।

पर्सा क्षेत्र नम्बर ३ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार रामाकान्तप्रसाद चौरसिया ३ हजार ४ सय ५८ मत ल्याएर पहिलो स्थानमा, नेपाली कांग्रेसका उम्मेदवार सुरेन्द्रप्रसाद चौधरी १ हजार ६ सय २५ मत ल्याई दोश्रो स्थान, नेकपा एमालेका रूपेशकुमार पाण्डे १ हजार ४ सय ७ मत ल्याई तेश्रो स्थानमा रहेको छ ।

पर्सा क्षेत्र नम्बर ४ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार टेक बहादुर शाक्य १ हजार ४ सय १२ मत ल्याएर पहिलो स्थानमा ,नेपाली कांग्रेसका उम्मेदवार रमेश रिजाल ६ सय ८ मत ल्याई दोश्रो स्थान र नेकपा एमालेका जालिम मियाँ ३ सय ५२ मत ल्याई तेश्रो स्थानमा छ ।

सुरुवाती अग्रता राष्ट्रिय स्वतन्त्र पार्टीका चारै जना उम्मेदवारहरुले यो समाचार तयार पर्दासम्म कायम राखेको छ । वीरगञ्जस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा क्षेत्र नम्बर १ र २ को मत गणना भई रहेको छ भने क्षेत्र नम्बर ३ र ४ को पोखरियामा रहेको जिल्ला उच्चाङ्गल माध्यमिक विद्यालयमा भईरहेको छ । मतगणना शान्तिपुर्वक भईरहेको पर्साका मुख्य निर्वाचन अधिकृत गायत्री प्रसाद रेग्मीले बताएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८